# कृषक समूह गठन तथा परिचालन विधि

२०६५/२०६६


नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
**कृषि विभाग**
**कृषि प्रसार निर्देशनालय**
हरिहरभवन, ललितपुर

# हाम्रो भनाई

कृषक समूह पद्धति कृषि प्रसार कार्यक्रमको प्रमुख रणनीति हो । नेपालको कृषि प्रसार पद्धतिको प्रमुख आधार नै कृषक समूह हो । हाल नेपालमा कृषि विभाग अन्तर्गत करिब १७०७४ कृषक समूहहरु गठन भई परिचालन भएका छन् । कृषि विकासका लागि प्रविधि हस्तान्तरण गर्न यस्ता समूह निकै उपयोगी हुन्छन् । यस्ता समूहको सक्रियता र संस्थागत विकासबाट नै प्रविधि हस्तान्तरण प्रभावकारी हुन गई कृषि विकासमा टेवा पुग्न सक्छ । समूहलाई सक्रिय र क्रियाशील बनाउन निरन्तर तालिम, उत्प्रेरणाको आवश्यकता पर्दछ । यसै सन्दर्भमा कृषक समूह सम्बन्धी जिल्ला स्तरमा संस्थागत तालिम प्रदान गर्न तथा समूह परिचालन सम्बन्धी विविध पक्ष समेटिएको एक सरलीकृत श्रोत पुस्तिकाको महसुस गरियो । सो अनुसार समूह सञ्चालनका लागि आधारभूत पक्ष समेटी यो पुस्तिका प्रकाशन गर्ने जमर्को गरिएको छ । यसबाट कृषक समूहको संस्थागत विकासका लागि फिल्ड स्तरमा तालिम सञ्चालन गर्न, कृषक समूहका लागि समूह व्यवस्थापन गर्न तथा समूह र संस्थागत विकासमा चासो राख्ने जोसुकैका लागि उपयोगी हुने अपेक्षा गरिएको छ । यस पुस्तिकालाई तयार पारी सहयोग गर्नुहुने कृषि प्रसार अधिकृत श्री गोविन्दप्रसाद शर्मालाई धन्यवाद दिन चाहन्छौं ।

साथै यस पुस्तिकाका सम्बन्धमा आवश्यक सुझावको समेत अपेक्षा गर्दछौं ।

– गीता कोइराला

२०६५ फागुन — नि.कार्यक्रम निर्देशक

**विषय सूची**


| *क्र.सं.* | *विषय* | *पेज नं.* |
|---|---|---|
| १ | पृष्ठभूमी | १ |
| २ | कृषक समूहका विशेषताहरु | ५ |
| ३ | समूह विकास चरण तथा समूह गतिशिलता | ९ |
| ४ | समूह गठन तथा परिचालन | १३ |
| ४ | समूह बैठक र बैठक सञ्चालन विधि | २० |
| ५ | कृषक समूहको विधान | २२ |
| ६ | समूह बचत, हितकोष तथा हितकोष परिचालन | २५ |
| ७ | समूहमा लेखा व्यवस्थापन | २७ |
| ८ | कृषक समूहमा विवाद र यसको व्यवस्थापन | ३० |
| ९ | कृषक समूहमा योजना तर्जुमा | ३२ |
| १० | कृषक समूहमा अनुगमन र मुल्याङ्कन | ३५ |
| ११ | कृषक समूह सहकारीकरण | ३९ |
| १२ | अनुसूचीहरु | |
| | समूह दर्ताको लागि निवेदनको नमूना | ४३ |
| | कृषक समूह दर्ता प्रमाणपत्रको ढाँचा | ४५ |

# कृषक समूह गठन तथा परिचालन

## पृष्ठभूमी

वर्तमान परिप्रेक्ष्यमा दिगो कृषि विकासलाई कृषि नीतिको मुख्य आधारको रुपमा लिइएको छ। गरिबी निवारण, खाद्य सुरक्षा, रोजगारी तथा आयमा बृद्धि गर्ने उद्देश्यले नेपाल सरकारको आफनै लगानी तथा बिदेशी सहयोगमा विभिन्न आयोजनाहरु नेपालको विभिन्न ग्रामिण क्षेत्रमा सञ्चालन हुँदै आएका छन्। हाम्रो जस्तो मुलुकमा विकासको लागि छुट्याइएको वजेट प्रर्याप्त न भएको अवस्थामा स्थानिय विकासको गतिलाई तिव्र पार्न जनसहभागिता र स्थानिय सस्थाहरुको सुदृढिकरणको महत्व अतिनै रहेको छ। यस्तो अवस्थामा कृषकहरुको सानो सानो समूह नै कृषि प्रसारको सशक्त माध्यम बन्न सक्तछ र ती समूहहरुको सबलीकरण, सुदृढिकरण नै दिगो विकासको लागि सहयोगी बन्न सक्तछ। नवौ पञ्चवर्षिय योजनादेखि कृषि प्रविधिहरु कृषक समूहको माध्यमबाट लैजाने नीति अनुरुप समूहमा आधारित कृषि प्रसार पद्धति लागु गरिएको र यसलाई निरन्तरता प्रदान गरिएको छ।

परम्परागत कृषि प्रसार प्रणाली अन्तर्गत एकातर्फ कृषकहरु सरकारको मुख ताक्नुपर्ने, वाह्य श्रोतसाधनमाथी निर्भर हुनुपर्ने अवस्था थियो भने अर्कोतर्फ कृषि प्रसारका लागि कार्यरत कार्यकर्ता कृषकको घरदैलोमै गएर समस्या समाधान गर्नुपर्ने अवस्था थियो। व्यक्तिगत भेटघाट गर्ने तरिका प्रभावकारी भएता पनि समय लाग्ने, बढी खर्चिलो र असम्भव प्राय जस्तै थियो भने सेवाबाट टाठाबाठावर्ग र सुविधा सम्पन्न स्थानका व्यक्तिले मात्र बढी फाइदा पाउने अवस्था विद्यमान थियो। यसै समयमा विकासमा जनसहभागिताको महत्व आत्मसात गरियो। सो अनुरुप कृषकहरुलाई संगठित गर्दै कृषि सेवालाई बढी प्रभावकारी, कृषकका वास्तविक चाहनामा आधारित, सहभागितात्मक र कृषकका दक्षता र शीपलाई उपयोग गर्दै आम कृषकहरुमा कृषि सेवाको पहुच वृद्धि गराउन र छिटो छरितो सेवा प्रदान गर्न कृषक समूह प्रणाली लागु गरियो।

नेपालमा समूह प्रणालीको अवधारणा वि.सं. २०३३ (इ.सं. १९७५।७६) तिर कृषि विकास बैंक मार्फत संचालित साना किसान विकास कार्यक्रम मार्फत आएको हो। तत्कालिन समयमा कृषि ऋण प्रवाहमा सहजता ल्याउन समूहगत अवधारणा ल्याइएको र यसको सफलताबाट कृषि प्रविधि प्रवाहमा समेत समूहगत अवधारणा लागु गर्न नितिगत पृष्ठपोषण प्रदान गऱ्यो। यस्तै २०४२ सालतिर पशु विकास तर्फ पनि समूह पद्धति लागु भएको तथ्य कृषि विकास विभागको समूह गठन तथा सञ्चालन कार्यविधि निर्देशिका २०५० मा उल्लेख गरिएको छ। नीतिगत रुपमा भने वि.स.२०४५ सालमा तत्कालिन कृषि प्रसार आयोजना मार्फत पाइलट कार्यक्रमको रुपमा तनहु, चितवन र मोरङ जिल्लामा शुरुवात गरिएको कृषक समूह पद्धतिको सकरात्मक परिणामको आधारमा वि.सं. २०४८ देखि कृषक समूह पद्धतिलाई कृषि प्रसारको प्रमुख पद्धतिको रुपमा सञ्चालन गरियो।

## समूहको आवश्यकता र फाइदा

सामूहिक रुपमा काम गर्ने परम्परा हामीकहा नया होइन। पहिले देखि नै गाउघरमा सामाजिक कार्यहरु सबै जनाको सहमति र मिलेमतोमा गर्ने परम्परा रहि आएको छ। कृषक समूहमा बस्दा प्राप्त हुने फाइदाहरु लाई निम्न वमोजिम उल्लेख गर्न सकिन्छ।

- व्यक्तिको भन्दा समूहको शक्ति ठूलो हुन्छ। व्यक्ति एक्लैले गर्न नसक्ने कार्यहरु समूह मार्फत सहजै गर्न सकिन्छ।
- साझा समस्या समाधान गर्दा व्यक्तिगत समस्याहरु समेत समाधान हुन्छन्।
- समूहगत रुपमा काम गर्दा जनसहभागिता वृद्धि भई कार्य प्रभावकारी हुन्छ।
- कृषकहरुबीच सहयोग र मेलमिलापको भावना अघि बढदछ र एकता मजवुत हुन्छ।
- अप्ठेरो काम सजिलै संग गर्न सकिने र यसबाट आत्मनिर्भरतामा वृद्धि भई अरुको भर पर्ने वा मुख ताक्ने बानीको अन्त्य हुन्छ।
- समूह मार्फत कार्य गर्दा नया प्रविधि छिटै प्रशारण हुने र कम खर्चिलो हुने गर्दछ।
- कृषकहरुको जोखीम वहन गर्ने क्षमतामा वृद्धि हुन्छ।
- समूह मार्फत कार्य गर्दा आत्मनिर्भरता वृद्धि हुने, सदस्यहरुको नेतृत्व विकास हुने र कुनै निकाय वा संस्थामा दवाव श्रृजना गर्न सक्ने एवं आफनो समस्या आफै समाधान गर्ने क्षमता विकास हुन्छ।
- कृषक समूहमा हुने बचत संकलनबाट क्रमशः वृद्धि हुदै पूँजी निर्माण हुन्छ र सदस्यहरुलाई आवश्यक पर्ने पुजीको आपुर्ति सहज ढंगबाट गर्न सकिन्छ।
- विकासका लागि साझा भावना, सोच र पहलको विकास गर्न सकिन्छ। यसबाट सदस्यहरुवीच सामूहिक सदभावको विकास हुने, अन्य निकाय संग सम्वन्ध वढने र आफनो लागि आफैं एकजुट भई कार्यगर्दा दीगो विकास हुन्छ।
- समूहको माध्यमबाट न्यून पहुच भएका समुदाय र कृषकहरुलाई एकिकृत ढंगबाट प्रभावकारी सेवा पुर्‍याउन सकिन्छ।
- समूहको माध्यमबाट कृषकहरुको आवाजहरु सम्वन्धित निकायमा पुग्ने र दवाव समूहको रुपमा कार्य गर्न सक्तछ। साथै स्थानिय स्तरमा दिगो कृषि विकासको सशक्त माध्यमको रुपमा कार्य गर्न सक्तछ।

***एक्लै गर्न नसकिने कार्य एकजुट भएर सजिलै फत्ते गर्न सकिन्छ ।***

## मानिसहरु समूहप्रति किन आकर्षित हुन्छन् ?

मानिसहरु समूहमा किन प्रवेश गर्दछन् र समूहको किन आवश्यकता महसुस गर्दछन् भन्ने विषयमा विभिन्न कारणहरु बताइन्छ । कसै कसैले समूहबाट ज्ञानविज्ञानको आवश्यकता पुरा गर्न, कोही समूहको माध्यमबाट शक्तिशाली बन्न र कोही समूहमा प्रवेश गरेपछि सुरक्षीत महसुस गर्नका लागि समूहमा प्रवेश गर्दछन् । व्यक्तिहरु सकरात्मक सोच बाट मात्र नभई समूहबाट निश्चित स्वार्थ पुरा गर्ने नकरात्मक मनोवृत्तिबाट समेत उत्प्रेरित भई समूहमा प्रवेश गर्न चाहन्छन् । तथापि मानिस किन समूहमा प्रवेश गर्न चाहन्छ भन्ने सवालमा तिन वटा कारणहरु प्रमुख मानिएका छन् (Napier and Gershenfeld.1996) .

१. व्यक्तिहरु समूहको काम र क्रियाकलापहरु रुचाउछन् जसका कारण समूहमा आकर्षित हुन्छन् ।

२. व्यक्तिहरुले समूहका निश्चित व्यवहार र क्रियाकलापका कारण समूहका व्यक्तिहरुलाई रुचाउछन् र तिनीहरुसंग सामिप्यता खोज्दछन् ।

३. समूहले मानिसका व्यक्तिगत इच्छा र आवश्यकता पुरा गर्ने सशक्त माध्यमको रुपमा कार्य गर्दछ जसका कारण मानिसहरु समूहमा आकर्षित हुन्छन् ।

## एकल रुपमा र समूहगत रुपमा कार्य गर्दा प्रक्रृयागत भिन्नता

कुनै व्यक्तिले एकल रुपमा कार्य गर्दा वा सोही व्यक्तिले समूहमा कार्य गर्दा उसले गर्ने कार्य प्रकृयामै स्पष्ट भिन्नता देखिन्छ । समूहगत रुपमा कार्य गर्दा केहि प्रभावहरुका कारण कार्य प्रवृत्तिमा भिन्नता पाइन्छ । मानिसले एकल रुपमा कार्यसम्पादन गर्दा र समूहगत रुपमा कार्यगर्दा हुने भिन्नतालाई निम्न वमोजिम स्पष्ट गर्न सकिन्छ ।

१. **सामाजिक प्रभाव** (Social facilitation / influcence)

व्यक्तिले समूहमा कार्य गर्दा सजिलो र सहज कार्यका लागि आत्मविश्वास (confidence) वृद्धि भई सो कार्यमा सकरात्मक प्रभावकारिता आउने र असहज (गाह्रो) कार्यको हकमा विलम्वता आउने हुन्छ । समूहमा कार्य गर्दा अन्य व्यक्तिको सम्पर्क र उपस्थितिले मात्र नभई सो व्यक्तिले गर्ने कार्यको मूल्यांकन अन्य व्यक्तिहरुले गर्ने गरेका कारण कुनै व्यक्तिले एकल रुपमा र समूहगत रुपमा गर्ने कार्यमा भिन्नता पाइन्छ ।

२. **समूहमा व्यक्तिको हावी हुने प्रवृत्ति** (Weighting)

समूह जति सुकै सानो वा ठूलो किन नहोस्, समूहमा केही प्रभावशाली एवं सीमित व्यक्तिहरुको प्रभाव विद्यमान रहिरहन्छ । यसले गर्दा सबै सदस्यहरुको बराबर योगदानको बदलामा फरक फरक व्यक्तिहरुको योगदानमा भिन्नता पाइन्छ । यद्यपि मतका हिसाबले सबै बराबर मानिन्छन् तर प्रभाव, महत्व र योगदानका दृष्टिकोण केही सिमित व्यक्तिहरु बढी हावी हुन्छन् ।

**३. बौद्धिक मन्थन** (Brainstorming)

एकल रुपमा कार्य गर्दा र सामूहिक रुपमा कार्य गर्दा तुलनात्मक रुपमा समूहगत रुपमा राम्रो र नवीन विचारहरुको उत्पत्ति हुन्छ । समूहगत रुपमा कार्य गर्दा सदस्यहरु बीच हुने विचारको मन्थनले सकरात्मक परिणाम दिन्छ । समूह प्रक्रियामा सबै सदस्यहरुबाट स्वस्फुर्त रुपमा नविन विचार, रचनात्मक सोचाई (creative thinking) र समस्या समाधानका लागि उत्तम उपायको खोजी गर्ने तौर तरिका नै बौद्धिक मन्थन हो । यस प्रक्रियाबाट उत्पन्न हुने परिणात्मक र गुणात्मक तर्क, विचार र सोचाईले उपयुक्त निर्णय गर्न आधार प्रदान गर्दछ ।

**४. जोखीम वहन** (Risky Shift)

व्यक्तिले एकल रुपमा कार्य गर्दा र समूहगत रुपमा कार्य गर्दा सो कार्यका लागि लिन सक्ने जोखीमको स्तरको भिन्नता नै Risky shift हो । यस प्रक्रियमा कुनै व्यक्तिले एकल रुपमा गर्ने कार्यका लागि भन्दा समूहगत रुपमा कार्य गर्दा समूहले बढी जोखीम उठाउने गर्दछ । यसरी सामूहिक रुपमा जोखीम वहनमा व्यक्तिको समस्या संग मुकावला गर्ने क्षमता/सामर्थ्य, जोखीम लिने व्यक्तिहरुको उपस्थिती, उनीहरुको अनुभव, सामूहिक बलबाट प्राप्त हुने समर्थन तथा जोखीम वहनका लागि सामाजिक मूल्य मान्यताहरुले प्रभाव पार्दछन् । उदाहरणका लागि सिमान्त एवं कम शिक्षित व्यक्तिहरुको समूहको तुलनामा शिक्षित र सम्पन्न व्यक्तिहरु भएको समूहको जोखीम वहन गर्ने क्षमता अधिक रहन्छ ।

**५. कार्य पन्छाउने प्रवृत्ति/उत्प्रेरणाह्रास** (Social loafing)

सामान्यतया एकल रुपमा भन्दा सामूहिक रुपमा कार्य बढी हुने र व्यक्तिको योगदान बढी देखिन्छ । तर सामूहिक रुपमा कार्य गर्दा कहिले काही व्यक्तिगत रुपमा गर्ने कार्य भन्दा सामूहिक रुपमा गरेको कार्यमा व्यक्तिको कार्य क्षमता न्यून हुन्छ र कार्यसम्पादन स्तर र उत्प्रेरणामा ह्रास आउछ । मूख्यत अनधिकृत व्यक्तिहरुको उपस्थिति, कार्य सम्पादनका लागि सकरात्मक दवावको कमी, जिम्मेवारीको अनुभूतिको अभाव, कार्यसम्पादन तथा यसबाट प्राप्त हुने प्रोत्साहन एवं प्रतिफल बीचको सम्वन्ध स्पष्ट नहुनु, अनुगमन तथा मूल्यांकनको अभाव नै उत्प्रेरणाह्रास (social loafing) का प्रमुख कारण मानिएको छ । यसै कारणले सामूहिक रुपमा जिम्मा प्रदान गरिएको कार्यहरु सम्पादन हुन नसकेका उदाहरण प्रशस्त देख्न सकिन्छ । समूहमा यस्ता प्रवृत्तिलाई न्यूनिकरण गर्नुपर्दछ । समूहभित्र सदस्यहरुको प्रतिवद्धता (commitment) वृद्धि गर्ने, सम्पादन हुने कार्यलाई महत्व प्रदान गर्ने, व्यक्तिगत मूल्यांकन परिपाटीको विकास गर्ने र समग्र समूहको एकता वृद्धि गर्न सकेको खण्डमा कार्यपन्छाउने प्रवृत्ति (Social loafing) न्युनिकरण गर्न सकिन्छ ।

**६. समूहगत भावना** (Groupness)

समूहगत रुपमा कार्य गर्दा समूहका सदस्यहरुले एक आपसमा आत्मियता, सबैका लागि समूह र समूह सबै सदस्यका लागि भन्ने समूहगत भावनालाई सुदृढ बनाएको हुन्छ । यसले समूह भित्र एकता, आत्मियताको भावना सिर्जना गर्दछ जुन समूहको प्रमुख फाइदा हो ।

# कृषक समूहका विशेषताहरू

## समूहको परिभाषा

मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका दुई वा दुई भन्दा बढी व्यक्तिहरु मिलि आफना निश्चित साझा उद्देश्यहरु सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाईएको संगठनलाई समूह भनिन्छ। अर्थात निर्धारित उद्देश्य प्राप्त गर्न दुई वा दुई भन्दा बढी सामाजिक तथा मनोवैज्ञानिक रुपले अन्तरआश्रित व्यक्तिहरु मिली बनेको मानिसहरुको भेला वा जमात नै समूह हो भन्न सकिन्छ।

कुनै भेला वा जमातलाई समूह बन्नका लागि निम्न आधारभूत पक्षहरु पुरा भएको हुनुपर्दछ।

- समान उद्देश्य (Common/shared goal)
- सदस्यहरुबीच सार्थक अन्तरक्रिया (Meaningful interaction among the members)
- सदस्यहरुबाीच स्थायी सम्वन्ध (Stable relationship among group members)
- सदस्यहरु बीच निकटता, आत्मीयता तथा अपनत्वको भावना (Perception of group membership)
- सदस्यहरुबीच केही हदसम्म अन्तरनिर्भरता (Fate interdependence among members)

यस परिप्रेक्ष्यमा कृषक समूह भन्नाले साझा आावश्यकता पुर्ति गर्न एकै उद्देश्य लिई विधिवत दर्ता भई वा नभई वा आफनै विधिविधान अन्तर्गत संगठित भएका निश्चित गाउ वा ठाउमा रहेका सामान्यत २०–२५ जनाको परस्पर सहयोगी कृषकहरुको भेलालाई बुझनुपर्दछ।

समूहलाई सहज ढंगले बुझनुपर्दा यसरी बुझन सकिन्छ।

स - समन्वय र सद्भावको माध्यमबाट


मू - मूख्य समस्यासंग मुकाबला गर्न

ह - हल (समाधान) खोज्ने संस्था

***समूहमा सदस्यहरु साझा आवश्यकता बोकेका र मनौवैज्ञानिक एवं भावनात्मक रुपले परस्पर अन्तरआश्रित हुन्छन् ।***

## कृषक समूहका प्रमुख विशेषताहरु

कृषक समूहमा अर्न्तनिहित विशेषताहरुले नै कृषक समूहलाई सफलता र असफलताको कसीमा राखेर हेर्न सकिन्छ । कृषक समूहको विशेषतालाई तलको चित्रमा स्पष्ट प्रस्तुत गरिएको छ ।




**चित्र १ : कृषक समूहका प्रमुख विशेषताहरु**

## सफल कृषक समूहका गुणहरु

कृषक समूहलाई सफल र असफल भनेर मूल्यांकन गर्न त्यति सहज छैन । कुनै पनि समूह सक्रिय छ वा छैन भनी निचोड निकाल्न सूचकहरुको आधार लिनुपर्ने हुन्छ । तल सफल कृषक समूहका केही महत्वपूर्ण सूचकहरु प्रस्तुत गरिएको छ ।

- कृषक समूहको लक्ष, उद्देश्य एवं कार्यविधिहरु स्पष्ट किटान भएको ।
- समूह सञ्चालनका लागि स्पष्ट विधान भएको र सो विधान दर्ता भएको ।
- नियमित रुपले बैठक बस्ने गरेको ।
- समूहको क्रियाकलापको रेकर्डिङ्ग नियमित भईरहेको ।
- हितकोष रकममा नियमित वृद्धि र यसको प्रभावकारी परिचालन भईरहेको ।
- समूहमा कृषकहरुको कदर हुने गरेको, सक्रियता बढेको तथा क्षमता वृद्धि भइरहेको ।
- प्रभावकारी कृषि योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन तथा अनुगमन/मूल्यांकन भईरहेको ।
- समूहको कार्य सबैले बुझेको तथा एक आपसमा समझदारी भईरहेको ।
- मिश्रित समूहको हकमा लैंगिक समता प्रति संवेदनशिल र निर्णायक पदमा महिलाहरुको भूमिका वृद्धि भएको ।
- अन्य निकायसंगको सम्पर्क र समन्वय भईरहेको ।
- समूहमा पारदर्शिता (विशेषतः निर्णय प्रक्रिया र श्रोत/हितकोष परिचालनमा) कायम रहेको ।
- समूहमा आएका द्वन्दलाई प्रभावकारी ढंगबाट समाधान भइरहेको ।
- समूहमा बाहिरबाट सदस्यहरु प्रवेश गर्न खोज्ने कृषकहरुको संख्यामा वृद्धि भएको ।
- कृषक समूहका प्रोफायलको लगत, कार्य गतिविधीहरु नियमित रेकर्डिंग भएको र सम्वन्धित निकायमा रिपोर्टिंग भइरहेको ।

## कृषक समूह पूर्ण रुपमा सफल हुन नसक्नाका प्रमुख कारणहरु

नेपालमा कृषक समूह पद्धति अवलम्बन गर्न लागिएको करिब दुई दशक हुन लागेको छ । हाल नेपालमा १७०७४ (कृषि विभाग, २०६५) कृषक समूह गठन भई कार्यरत भएका र ती समूहहरु मध्ये केही कृषक समूहहरु सक्रिय रहेका र अधिकांश अर्ध सक्रिय तथा केही निश्क्रिय रुपमा रहेको पाइएका छन् । कृषक समूहहरु सक्रिय भई सफल हुन नसक्नुका प्रमुख कारणहरु यस प्रकार छन् ।

- निश्चित स्वार्थले प्रेरित भई (त्रुटिपूर्ण) समूह गठन हुनु ।
    - स्वस्फुर्त रुपमा समूह गठन हुनु पर्नेमा निश्चित फाइदाको लागि मात्र गठन गरिनु । जस्तो सिचाई सुविधा प्राप्त गर्नका लागि मात्र समूह निर्माण हुनु ।
    - समूह गठन गर्दा सदस्यहरुको आर्थिक, सामाजिक, भाषिक रहनसहन पक्ष ध्यान नदिई सबैलाई समेटन खोज्नु ।

- समूह सञ्चालन/व्यवस्थापन बारे ज्ञानको अभाव
  - समूह सञ्चालनबारे तालिम प्राप्त नहुनु ।
  - सदस्यहरु बीच स्पष्ट धारणा र जिम्मेवारी बोधको अभाव हुनु ।
  - समूहमा सक्षम नेतृत्वको अभाव हुनु ।
  - सदस्यहरुबीच आपसी समन्वयको कमी हुनु ।
- समूहको कार्ययोजना निर्माणको अभाव र कार्यक्रम कार्यान्वयन
  - कार्ययोजना बनाउन नसक्नु ।
  - कार्ययोजना अनुसार कार्य गर्न नसक्नु ।
  - प्रभावकारी अनुगमन तथा मूल्यांकन परिवाटी बस्न नसक्नु ।
- समूह सञ्चालनका लागि श्रोतको अभाव
  - समूह गतिविधि सञ्चालन गर्न बैठक सञ्चालनको लागि स्थान , भवन,
  - आवश्यक श्रोतको अभाव
- पारदर्शिताको अभाव
  - श्रोतसाधनको असमान वितरण
  - निर्णय प्रकृयामा पारदर्शिताको अभाव ।
  - समूहमा अविश्वासको वातावरण सिर्जना, गुटबन्दी तथा आपसी मनमुटाव हुनु
- व्यवसायिक उत्पादन र पेशागत व्यवसायिकताको अभाव
  - उत्पादनमुखी कार्यक्रम सञ्चालन हुन नसकनु ।
  - व्यावसायिक उत्पादनका लागि प्राविधिक ज्ञानको कमी ।
- अन्य कारण
  - कृषक समूह र कृषक समूहरुको प्रतिनिधिमूलक मुल समूह/कृषक समन्वय समितिलाई वैधानिकता प्राप्त हुन नसक्नु ।
  - समूह मार्फत पर्याप्त जोखीम वहन गर्न नसक्नु ।
  - कृषक समूहमा अवान्छित राजनीतिक प्रभाव पर्नु ।
  - कृषक समूह परिचालन गर्न कृषि नीति, रणनीति तथा कार्यक्रमहरु पर्याप्त नुहुनु ।

यसर्थ समूह गठन एवं सञ्चालन गर्दा यी पक्षहरुलाई विशेष ध्यान दिनु पर्ने जरुरी देखिएको छ ।

***समूह गठन स्वफूर्तः हुनुपर्दछ,***
***कसैको दबाव वा कुनै निश्चित स्वार्थका लागि मात्र गर्नुहुँदैन ।***

# समूह विकास चरण तथा समूह गतिशिलता

कृषक समूह गठन गर्दैमा परिपक्वता प्राप्त गर्दैन। एउटा समूह गठन भएर कार्यसञ्चालनको हिसाबले परिपक्व र दिगो हुदा सम्मको अवस्थालाई विभिन्न चरणमा विभाजन गरी हेर्न सकिन्छ।

१. निर्माणको अवस्था (Forming stage)
२. जागरणको अवस्था (Storming stage)
३. विधान निर्माणको अवस्था (Norming stage)
४. कार्यगत अवस्था (Performing stage)

कृषक समूहमा प्रत्यक्ष कार्य गर्ने प्राविधिक तथा सहजकर्ताहरुले समूह विकासका उपरोक्त चार अवस्था विश्लेषण गरी निम्न वमोजिम व्यवस्थापकिय एवं नेतृत्व शैली अपनाउनुका लागि उत्प्रेरित गर्नुपर्दछ।

**तालिका १ : समूह विकासका विभिन्न चरण तथा विशेषताहरु**

| सि. नं. | समूह विकासको अवस्था | विशेषताहरु (क्रियाकलाप) | व्यवस्थापकिय भूमिका | उपयुक्त नेतृत्व शैली |
|---|---|---|---|---|
| १ | निर्माण अवस्था (Forming stage) | सामूहिक आवश्यकता भन्दा व्यक्तिगत आवश्यकता हावी हुने, अनिश्चितता, कौतुहल तथा अल्मलिने अवस्था, मौनता, एकअर्कासंग परिचित हुने एवं परनिर्भरता | निर्देशनात्मक (Directive) : समूहको उद्देश्य निर्धारण, उपयुक्त वातावरण निर्माण | बढी निर्देशन (More directive) कम समर्थन (Less supportive) |
| २ | जागरण/ मन्थनको अवस्था (Storming stage) | मौनता भङ्ग भई विवादको अवस्था, समूहको उद्देश्य, लक्ष निर्धारणमा विवाद, पदाधिकारीहरुको भूमिका र अधिकारमा स्पष्टता हुन नसक्नु, गुटबन्दी, शक्ति र पदको लागि हानथाप हुने, नेतृत्वमाथी चुनौति सिर्जना, तथा समूहको अस्तित्व माथी नै प्रश्न उठन सक्ने। | प्रशिक्षण (Coaching/ Influencing) : समूहको उद्देश्य र कार्य पुर्नपरिभाषित गर्ने, विवाद समाधान | बढी निर्देशन (More directive) बढी समर्थन (More supportive) |

| सि. नं. | समूह विकासको अवस्था | विशेषताहरु (क्रियाकलाप) | व्यवस्थापकिय भूमिका | उपयुक्त नेतृत्व शैली |
|---|---|---|---|---|
| ३ | विधान निर्माण/ आचरण विकास अवस्था (Norming stage) | समूह सञ्चालनको निति, नियम, विधानको आधार निर्माण हुने, सदस्यहरुको भूमिकाको स्पष्टता, नेतृत्व स्थापित भई स्वीकृत हुने, सामूहिक आवश्यकताले व्यक्तिगत आवश्यकता भन्दा बढी महत्व प्राप्त गर्ने | समर्थन (Supporing/ Facilitating) : निति नियम निर्माणमा उत्प्रेरित गर्ने, विश्वास तथा सन्तुलनको वातावरण सिर्जना गर्ने | कम निर्देशन (Less directive) बढी समर्थन (More supportive) |
| ४ | कार्यगत अवस्था (Performing stage) | समूहको उद्देश्य प्राप्त गर्न मनोवैज्ञानिक रुपले तयार भई कार्यक्रम तर्जुमा, कार्यान्वयन गर्न व्यस्त रहने, खुलापन, सहयोग तथा सफलताउन्मुख | अधिकार प्रत्यायोजन (Delegating) : कार्य गर्ने वातावरण तथा अधिकार दिने। | कम निर्देशन (less directive) कम समर्थन (less supportive) |

## समूह सदस्यको व्यवहार (Group members' behavior)

समूहको विकासमा सदस्यहरुको व्यवहारले निकै प्रभावित पारिरहेको हुन्छ। समूहमा विभिन्न खालका मनोवृत्ति र व्यवहार भएका व्यक्तिहरु हुन्छन् जसले समूहको गठन, कार्यशैली, प्रगति र ढाँचालाई नै प्रभाव पारीरहेका हुन्छन्। विभिन्न अध्ययन तथा अनुसन्धानका आधारमा समूह सदस्यहरुबाट प्रदर्शन हुने क्रियाकलापहरुका आधारमा समूह सदस्यका व्यवहारहरु तपसिल बमोजिम उल्लेख गरिएको छ। यस्ता व्यवहारको पहिचानले समूहमा सहयोगी, तटस्थ र असहयोगी व्यक्तिहरु पहिचान गरी समूहको गति अघि बढाउँदै गतिशिल संस्था बनाउन सहयोग पुऱ्याउँदछ।

**क. स्वयममुखी व्यवहार** (Self oriented behavior)

- सामूहिक आवश्यकतालाई पन्छाई निजी आवश्यकतामा केन्द्रित हुने।
- सामूहिक गतिविधिबाट प्रत्यक्ष अप्रत्यक्ष व्यक्तिगत लाभ लिन प्रयत्न गर्ने।
- विविध खालका वहानावाजी बनाई समूहलाई अप्ठेरोमा पार्न खोज्ने।
- समूहमा बढी विवाद निकाल्ने, अर्थहिन लामो र चर्को कुरा गर्ने।
- समूहलाई निर्णय प्रक्रियमा वाधा पुऱ्याई अनिर्णयको बन्दी बनाउन प्रयास गर्ने।

**ख. निरन्तरामुखी व्यवहार** (Maintenance oriented behavior)

- अरुलाई सहयोग गर्ने। सहयोगी भावना भएको।


- सदस्यहरुबीच मित्रवत व्यवहार गर्ने र समूहमै कार्य गर्न प्रेरित गर्ने ।
- विवाद र मतभेद मिलाउन सहयोग गर्ने ।
- समूहको कार्यमा सहयोग गर्ने ।
- सबैको सन्तुष्टिका लागि प्रयासरत रहने ।

ग. **कार्यमुखी व्यवहार** (Task oriented behavior)

- नया विचार र प्रविधिको शुरुवात गर्न क्षमता राख्ने ।
- अरुलाई कार्य गर्न उत्प्रेरित गर्ने ।
- समस्या समाधान गर्ने र अरुको समस्या पनि समाधान गरिदिने ।
- समूहलाई गतिशिल बनाउन कार्ययोजना पेश गर्ने ।
- समूहमा उपयुक्त निर्णय गर्ने एवं निर्णय गर्न वातावरण सिर्जना गरिदिने ।

## समूह गतिशिलता (Group dynamism)

कृषक समूह व्यक्तिहरुको समूह भएकोले यो एक चलायमान संस्था हो । यसमा विभिन्न मानवीय, आर्थिक, प्राविधिक, भौतिक तथा सेवा जस्ता लगानीहरुबाट प्रतिफल प्राप्त हुने गर्दछ । यीनै विविध लगानी तथा समूह भित्रका विविध पक्षहरुको अन्तक्रियाबाट नै समूह निरन्तर चलायमान, उर्जाशिल एवं गतिशिल सस्थाको रुपमा कार्य गर्दछ । वास्तवमा समूह गतिशिलता कृषक समूहको समग्र वनावट, आन्तरिक पक्ष तथा वाह्य वातावरणसंग सो संस्थाको निरन्तर अन्तक्रिया तथा सो अन्तक्रियाबाट समूहको गतिमा पर्ने प्रभाव हो । यसैले समूह निरन्तर चलायमान रहन्छ । यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ ।




**चित्र २ : समूहमा लगानी प्रतिफल प्रक्रिया**

(Input - output process in a group)

समूह गतिशिलताका विभिन्न तत्वहरु निम्न बमोजिम छन् ।

१. **आन्तरिक तत्वहरु** (Internal elements/forces)

आन्तरिक तत्वहरु समुह सदस्य र समूह भित्रै रहने तत्वहरु हुन् । यी तत्वहरु समूह नियन्त्रणमा रहेका हुन्छन् र आवश्यकता अनुसार परिवर्तन गर्न सकिने हुन्छन् । समूह गतिशिलताका आन्तरिक तत्वहरु निम्न वमोजिम छन् ।

- समूहको लक्ष तथा उद्देश्य (Group goal and objective)
- समूहको आकार (Group size)
- समूहका आन्तरिक पूँजी तथा श्रोत साधनहरु (Group capital and resources)
- समूहका सदस्यहरु तथा तिनका अन्तनीहित गुणहरु (Memmbers and their attributes)
- सामूहिक एकताको भावना (Group cohesivenss)
- सन्चार (communication) र संचारको तरिका ( Pattern of communication)
- समूहको विधान (सदस्यहरुको भूमिका, जिम्मेवारी, अधिकार, नियन्त्रण, सन्तुलन इत्यादि)
- समूहमा नेतृत्व र यसको विकास (leadership and its development)
- समूहका क्रियाकलापहरु, कार्य सम्पादन स्तर र यसका तौर तरिकाहरु (Group activites and performance level)
- समूहमा निर्णय प्रक्रिया तथा प्रजातान्त्रिक अभ्यास (Decision making & demorcatice exercise)
- सदस्यहरुको समूह प्रतिको लगाव तथा आत्मियता (Members' commitment towards group)
- सदस्यहरुमा देखिने शीप, प्रतिभा, खुवीहरु (Members' skill and capability)
- सदस्यहरुबीचमा पाइने समानता तथा विविधताहरु (Homogenity/heterogeneity among members)
- समूहको आन्तरिक वातावरण (The internal environment of the group)

२. **वाहय तत्वहरु** (External elements/forces)

समूह गतिशिलताका वाह्य तत्वहरु समूह रहेको समुदायको समग्र वातावरण र यसको विकास स्तरसंग सम्बन्धित छन् । यी तत्वहरु समूहको नियन्त्रण भित्र रहँदैनन् तर समूहमा निरन्तर प्रभाव पारीरहेका हुन्छन् । यी पक्षहरु समूहको आंशिक नियन्त्रणमा मात्र रहने र समूहले चाहँदैमा सजिलै परिवर्तन पनि गर्न सकिदैन ।

- समूहको पैतृक सस्थां, सो संस्थाका उद्देश्य, कार्यविधि र सो सस्थां संग समूहको सम्वन्ध (Parent organization and its influence on group)
- समूहलाई समुदायले दिने मान्यता (Value given by community)
- सदस्यहरु तथा समूहको अन्य सस्था संगको प्रतिस्पर्धा तथा सम्वन्ध (Comptetition and relation of group and their members)
- समुदायबाट प्राप्त प्रतिष्ठा (Recognition received by community)
- समुदायको समग्र आर्थिक सामाजिक स्तर, राजनैतिक चेतना तथा प्रविधि प्रयोगको स्तर (Socio economic condtion, political awareness and level of technology used by community)

# समूह गठन तथा परिचालन

## समूह गठन गर्दा ध्यान दिनु पर्ने कुराहरु

समूह सफल नहुनुमा प्रमुख कारण नै समूह गठन गर्दा नै त्रुटिपुर्ण तरिकाले गठन गरिएको हुन्छ। साथै समूह किन असफल हुन्छ भन्ने माथि उल्लेख गरिएका कारणहरुले समूह गठनमा नै सतर्कता अपनाउनु पर्ने आधार प्रदान गर्दछ। यसैले कृषक समूह गठन गर्दा देहायका बुँदामा ध्यान दिनु जरुरी देखिन्छ।

- स्थानविशेषको कृषि व्यवसायीकरणको सम्भाव्यता र समूहको आवश्यकता
- स्थानविशेषमा भएका सामाजिक संघ/संस्था/उपभोक्ता समूह र सहकारी संस्थाको संख्या
- सेवा पुऱ्याउनु पर्ने घरधुरी संख्या र कृषक समूहको संख्या
- कृषकहरुको आर्थिक, सामाजिक स्थिती र श्रोतसाधनको अवस्था
- कृषक समूहमा विभिन्न वर्गका कृषकहरुको सुनिश्चित प्रतिनिधित्व (समावेशीकरण)
- समूहमा आवद्ध गराउन वास्तविक कृषकहरुको सुनिश्चितता र छनौट

## कृषक समूह गठनका लागि सदस्यहरुको छनौट गर्दा ध्यान दिनुपर्ने बुँदाहरु

समूह गठनको प्रारम्भिक अवस्थामा वास्तविक कृषकहरुको छनौटमा त्रुटि भएमा समूह अघि बढन नसक्ने भएको हुनाले सदस्यहरु चयन गर्दा देहायका कुराहरुमा ध्यान पुऱ्याउनु जरुरी देखिन्छ।

- समान आर्थिक एवं समाजिक स्तर भएका
- उस्तै उस्तै श्रोत र साधन भएका
- सकभर साक्षर एवं शिक्षित कृषकहरु भएका र शैक्षिकस्तरमा समानता भएका।
- उमेरमा समानता
- समान वा साझा कार्य उद्देश्य लिएका
- बिचार मिल्ने सदस्यहरु
- समूहगत कार्यमा समय दिन सक्ने
- संग संगै खेत भएका (खासगरी उत्पादन समूह गठनको लागि)
- संग संगै घरभएका
- कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेका कृषकहरु

***कृषक समूह गठन गर्दा सदस्यहरुको आर्थिक सामाजिक पक्ष लगायत व्यक्तिहरुको विशेषतामा ध्यान दिनुपर्दछ ।***

## समूहको आकार

कृषक समूहमा यति नै सदस्यहरु हुनुपर्दछ भन्ने केही छैन। तर पनि २०–२५ जनाको समूह व्यवस्थापन, समायोजन, सन्चार तथा यसको गतिशिलताको दृष्टिकोणबाट उपयुक्त मानिन्छ। कुनै विशेष किसिमको समूह बनाउदा भने १० जना सम्मको पनि समूह बनाउन सकिन्छ। उदाहरणका लागि विजवृद्धि कृषक समूह, मौरी उत्पादक कृषक समूह आदीलाई लिन सकिन्छ।

## समूहको किसिम

समूहका सदस्यहरुको बनावटको आधारमा, उत्पत्तिको आधारमा तथा समूहहरुले निश्चित गरेको उद्देश्य वा कामको प्रकृतिको आधारमा कृषक समूहलाई विभिन्न समूहहरुमा वर्गीकरण गर्न सकिन्छ।

**लैङ्गिक सहभागिताको आधारमा**

१) महिला कृषक समूह
२) पुरुष कृषक समूह
३) मिश्रित कृषक समूह

**उत्पत्तिको आधारमा**

१) प्राकृतिक वा स्वस्फुर्त समूह
२) उत्प्रेरित समूह

**कामको प्रकृतिको आधारमा**

१) बाली समूह
२) वागवानी समूह ( फलफुल तथा तरकारी )
३) वीज वृद्धि समूह
४) माहुरी पालन समूह
५) रेशम खेती समूह
६) कृषि बजार व्यवस्थापन समूह इत्यादि।

प्राकृतिक वा स्वस्फुर्तसमूहहरु कुनै बाह्य प्रभाव बिना, गाउँ समाजका व्यक्तिहरुबाट आफ्ना साझा समस्या आफै पहिचान गरी तिनको समाधान गर्नका लागि एउटै उद्देश्य लिई स्वयं संगठित भएर बनेका हुन्छन्। जस्तैः परम्परादेखि चलिआएका गुठी, वाँध सञ्चालनका लागि बनेका समूहहरु। अर्कोथरी उत्प्रेरित समूहहरु भने विकासका विभिन्न कार्यक्रमहरुलाई लक्षित समुदायमा पुऱ्याउन संगठित भएका वा गरिएका समूहहरु (जस्तै तरकारी, मौरी, वजार विकास, विउ विजन उत्पादन, दलहन वाली, कृषक/महिला समूह आदि) हुन्।

## कृषक समूह गठन प्रकृया

समूह गठन गर्नको लागि निश्चित प्रकृया हुन्छ। हतारमा समूह गठन गर्नु हुँदैन। निश्चित प्रकृयाहरु अवलम्बन गरी समूह गठन गर्दा मात्र समूहले पर्याप्त परिपक्वता र सार्थक महत्व राख्दछ। समूह गठन प्रकृयालाई बुदांगत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

१.१ समूह गठन गर्न इच्छुक व्यक्तिहरुको पहिचान गर्न साधारण भेलाको आयोजना गर्ने ।

**साधारण भेलाको तयारी**

- इच्छुक व्यक्तिहरुको साधारण भेला आयोजना गर्ने ।
- सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने ।
- साधारणभेलमा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने ।
- भेला सचांलनका लागि कृषकहरुमध्ये एकजनालाई जिम्मेवारी दिने ।

**छलफल सञ्चालन**

- भेलाको उद्देश्य र आवश्यकता (समूह गठनको उद्देश्य र आवश्यकता ) प्रष्ट पार्ने ।
- भेलाका एजेण्डाहरुमा क्रमशः छलफल गर्दै बुँदा टिपोट गर्ने ।
- इच्छुक व्यक्तिहरु छनौट गर्ने ।

१.२ तदर्थ समिति गठन गर्न विशेष बैठकको आयोजना गर्ने ।

**बैठकको तयारी**

- बैठकको विषय वस्तु समयमै तय गरी सबै सहभागीलाई जानकारी गराउने ।
- सम्वन्धित निकायलाई जानकारी गराउने ।
- कागजपत्र तयार गर्ने ।
- बैठक बस्ने आधिकारीक सूचना प्रवाह गर्ने ।

**बैठकको सञ्चालन**

- तदर्थ समितिको नामावली निधो गरी समितीको गठन र कार्य विभाजन गर्ने ।
- तदर्थ समितिको कार्य सञ्चालन गर्न आवश्यक कोष व्यवस्था गर्ने ।
- समूहको उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।
- समूहको विधानको खाका तयार पार्ने ।
- तदर्थ समितिलाई विधान दर्ता गराउन तथा प्रारम्भिक साधारण सभाको आयोजना गर्न जिम्मेवारी दिने ।


१.३ प्रारम्भिक साधारणसभाको आयोजना गर्ने ।

- प्रारम्भिक साधारणसभा आयोजना गरी कार्य समितिको गठन गर्ने
- कार्य समिति तथा समूहको कार्य मूल्यांकन गर्ने
- वार्षिक कार्यक्रम अनुमोदन गर्ने
- आवश्यक निर्णयहरु लिने

४. संरचना र कार्यविभाजन

स्विकृत विधान अनुसार समूहको कार्यकारीणी समिति गठन गर्न सकिन्छ। समूहको उद्देश्य, आवश्यकता तथा अनुकुलता अनुसार ५ देखि ९ जना सम्मको कार्यकारीणी समिति गठन गर्न सकिन्छ।

**समूहको कार्यकारीणी समितिको बनौट र संगठनात्मक ढाँचा**




**चित्र ३ : कृषक समूहको सांगठनिक ढांचा**

यस बाहेक समूहले निश्चित व्यक्तिहरुलाई संयोजक तोकेर आर्थिक उपसमिति, प्राविधिक उपसमिति, प्रचारप्रसार उपसमिति तथा बजार व्यवस्थापन उप समिति जस्ता उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गर्न सक्तछ।

## समूह गठनमा सहजकर्ताको भूमिका

कृषक समूह गठन गर्दा सहजकर्ता कृषि प्राविधिक (विषय विज्ञ/प्रा.स./ना.प्रा.स.) हरुले कृषकहरु लाई स्वस्फूर्त रुपमा संगठित हुने वातावरण सिर्जना गरिदिनु पर्दछ। सहजकर्ताले कुनै प्रकारको दवाव, लोभ, प्रलोभनमा पारी समूह गठन गर्न प्रेरित गर्नु हुँदैन। सहजकर्ताहरुले समूहको

महत्व, आवश्यकता र समूह गठन गर्नका लागि सहज वातावरण निर्माणमात्र गरिदिनु पर्दछ। संक्षिप्तमा सहजकर्ताको भूमिकालाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ।

- समूह गठनका लागि सचेतना अभियान तथा प्रचार प्रसार कार्य गर्ने।
- कृषकहरुसंग समूह गठनबारे सार्थक अन्तरक्रिया गर्ने।
- समूह गठनमा सहजीकरण कार्य गर्ने।
- समूह गठन सम्बन्धी संस्थागत तालिम आयोजना गरी सञ्चालन गर्ने।

## समूह परिचालन

कृषक समूह गठन गर्दैमा यसको उद्देश्य पुरा हुँदैन। समूह गठन पश्चात यसलाई कृषकहरुको हित अनुसार कार्य गर्न गराउन नियमित मसिन जस्तै चलाउनु पर्दछ। कुनै मसिनमा कच्चा पदार्थ राखेर उत्पादन लिए जस्तै कृषक समूह एउटा संगठित सामाजिक मशिन हो जसमा विभिन्न प्रविधि, ज्ञान, श्रोत साधन र सेवा जस्ता वस्तुहरुको लगानीबाट कृषकको क्षमता विकास, उत्पादकत्व वृद्धि, आय र जीवनस्तरमा सुधार जस्ता प्रतिफल प्राप्त हुन्छन्। कृषकहरुले आफनो क्षमता विकास र उत्पादकत्व वृद्धिका लागि समूहलाई निरन्तर रुपमा मसिनको रुपमा चलाउनु पर्दछ। यो नै समूह सञ्चालन हो। समूह सञ्चालनमा, कृषक समूह बैठक सञ्चालन, विधि विधान निर्माण, जिम्मेवारी बाँडफाड, समूह बचत तथा हितकोष परिचालन, पारदर्शि लेखा व्यवस्थापन, कार्ययोजना निर्माण, अनुगमन मूल्यांकन तथा महिला सहभागिता तथा सशक्तिकरण आदि पर्दछन्। यसैले समूह परिचालन एउटा योजनावद्ध प्रकृया हो। समूह सञ्चालनका प्रमुख पक्षहरु तल प्रस्तुत गरिएको छ।

## समूह पदाधिकारीहरुको छनौट (समूह अगुवामा हुनुपर्ने गुणहरु)

समूहलाई डोर्‍याउने समूहको नेताको सक्रियता र इमान्दारीतामा भर पर्ने भएकोले समूह पदाधिकारीहरुको छनौट गर्दा विशेष ध्यान पुर्‍याउनु पर्दछ। असल नेतामा देहायका गुणहरु आवश्यक हुन्छ।

- आफु स्वयं उत्साही र अरुलाई पनि उत्साह दिने।
- जागरुक र कार्यबोझ लिन सक्ने।
- राम्रो आचरण भएको र इमान्दार।
- योग्य, शिक्षित, अध्ययनशिल एवं दुरदर्शी।
- सबै संग समान व्यवहार गर्ने, मिलनसार।
- निस्वार्थ भावना भएको र सबैको विश्वासपात्र भएको।
- नया प्रविधि र सिकाई प्रति इच्छा भएको।

- समूहको कार्यकारीणी पद अनुसार जिम्मेवारी दिनका लागि सम्वन्धित प्राविधि, आर्थिक तथा प्रचार प्रसार सम्बन्धी ज्ञान भएको ।

उपरोक्त गुणवाहेक कार्यविभाजन अनुसार पदाधिकारी छनौट गर्दा देहायका बुदामा ध्यान दिनु जरुरी छ ।

**अध्यक्षको छनौट**

- नेतृत्व दिन सक्ने, सक्रिय व्यक्ति ।
- जनसम्पर्क गर्न सक्ने, सबै संग भिज्न सक्ने ।
- सहयोगी भावना भएको, नैतिक, इमान्दार तथा निष्पक्ष ।
- सामूहिक कार्यका लागि समय दिन सक्ने ।

**सचिवको छनौट**

- चनाखो एवं लेखपढ गर्न सक्ने ।
- नैतिकवान, इमान्दार ।
- अन्य व्यक्ति/संस्थाबाट काम लिन सक्ने ।

**कोषाध्यक्षको छनौट**

- लेखपढ गर्न सक्ने ।
- सम्भव भए सम्म लेखा राख्न जानेको ।
- आर्थिक मामिलामा इमान्दार भएको ।

## जिम्मेवारी वाँडफाँड

कृषक समूहको कार्यसमितिमा रहेका विभिन्न पदाधिकारीहरुको जिम्मेवारी वाँडफाँड विधानमा तोकिएको हुनुपर्दछ । जिम्मेवारी स्पष्ट नभएमा समूह कमजोर हुने र उद्देश्य प्राप्त गर्नमा असक्षम हुन सक्दछ । यहा समूहका प्रमुख पदाधिकारीहरुको जिम्मेवारी सक्षिप्तमा उल्लेख गरिएको छ ।

**अध्यक्षको काम कर्तव्य अधिकार**

- आवश्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने ।
- आवश्यकता अनुसार बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूहलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुदा मत बराबर भएमा निर्णायक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने ।
- समूहले तोकेको काम कार्यवाही गर्ने ।
- समूहमा उठेका विवादहरु समाधान गर्ने ।

**उपाध्यक्षको काम कर्तव्य अधिकार**

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सबै कार्य गर्ने ।
- कार्यकारी समितिले तोकेको कार्य गर्ने ।

**सचिवको काम कर्तव्य अधिकार**

- समूहको माइन्युट बुक लगायत सम्पुर्ण कागजात सुरक्षित राख्ने ।
- अध्यक्षसंग परामर्श गरी बैठक बोलाउने ।
- बैठकको तयारी गर्ने, पत्राचार गर्ने र समूह बैठकको माइन्युट लेख्ने ।
- पत्राचार गर्ने र समूह बैठक एवं साधारणसभाबाट पारीत निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।
- वार्षिक प्रतिवेदन तयार पारी साधारणसभामा पेश गर्ने ।
- समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।
- आवश्यकता अनुसार अध्यक्ष र कोषाध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।

**कोषाध्यक्षको काम कर्तव्य अधिकार**

- समूहको सबै कोषको हिसाब किताब दुरुस्त राख्ने ।
- समूहको चल, अचल सम्पूर्ण सम्पत्तिको सुरक्षाको जिम्मेवारी लिने ।
- समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूहको वार्षिक बजेट तयार पार्ने र साधारणसभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरिक्षण गराउने ।
- समूह कोषको सुरक्षित तरिकाले परिचालन गर्न सहयोग गर्ने ।
- समूह अध्यक्ष वा सचिव संग मिली खाता सञ्चालन गर्ने ।

**कार्यकारीणी सदस्यहरुको काम कर्तव्य अधिकार**

- कार्यकारीणी समितिले तोकेको कार्य गर्ने ।
- कार्यकारीणी समितिलाई प्राविधिक, प्रचार प्रसार तथा समूह सञ्चालन सम्बन्धी आवश्यक सहयोग गर्ने ।

***समूहको अध्यक्ष आखाँको नानी जस्तो प्यारो, सचिव काग जस्तै चतुर तथा कोषाध्यक्ष बलियो मुठ्ठि भएको हुनुपर्दछ ।***

# समूह बैठक र बैठक सञ्चालन विधि

**समूह बैठक**

कृषक समूहको उद्देश्य प्राप्त गर्न सदस्यहरुबीच सार्थक अन्तक्रिया गरी उपयुक्त निर्णयहरु गर्नका लागि बस्ने भेला नै समूह बैठक हो । समूह बैठकको मूख्य चुरो नै समूह उद्देश्य प्राप्त गर्न गरिने गतिविधि सम्बन्धी निर्णय र कार्यान्वयन गर्नु गराउनु हो । कृषक समूहमा हुने गतिविधिलाई गणितका विभिन्न चिन्हहरुसंग तुलना गरि हेर्न सकिन्छ । तलको तालिकाले समूहको बैठक मात्र होइन, समूहमै बसेर कृषकहरुले के पाउछ भन्ने कुराको लेखाजोखा समेत गर्न सकिन्छ ।

तालिका २ : समूह बैठकमा प्रकृया तथा प्रतिफल

| चिन्ह | के हुन्छ | केमा हुन्छ | प्राप्त हुने प्रतिफल |
|---|---|---|---|
| + | (जोड) | विचारहरुमा | ज्ञान तथा अनुभवमा वृद्धि |
| – | (घटाउ) | आपसी भिन्नता | विवाद कम हुने, एकआपसमा मनोमालिन्य घटने |
| × | (गुणन) | आपसी एकता | बलियो हुने |
| ÷ | (विभाजन) | जिम्मेवारी | आ-आपनो जिम्मेवारी प्रष्ट हुने |
| = | (वरावर) | अधिकार | प्रजातान्त्रिक परिपाटीको विकास |
| % | भागवण्डा, साझेदारी | लाभांश, प्रतिफलमा | सदस्यहरुको समूहप्रति लगानी वृद्धि हुने |
| ? | प्रश्न उठने (विवाद) | समग्र समूह कार्यविधि उपर | सुधार/विघटन (विवादको स्वरुप अनुसार) |

## समूह बैठक सञ्चालन विधि

कृषक समूह बैठक सञ्चालन एक महत्वपूर्ण काम हो जसले समूहका विविध पक्षहरुमा निर्णय गर्ने गर्दछ । समूह बैठक सञ्चालन गर्दा तीन चरणमा ध्यान दिनुपर्दछ । ति हुन समूह बैठकको तयारी, समूह बैठकको सञ्चालन र समूह बैठक सम्पन्न गरेपछि गर्नुपर्ने कार्यहरु । कृषक समूह सञ्चालनको जिम्मेवारी अध्यक्ष, सचिव र कोषाध्यक्षले लिनु पर्दछ र यसमा सबैको सहभागिता महत्वपूर्ण हुन्छ । कृषक समूह बैठक सञ्चालनका विभिन्न चरणमा ध्यान दिनुपर्ने कुराहरु तल प्रस्तुत गरिएको छ ।

**बैठकको तयारी**

- सबै सदस्यहरुलाई बैठक र छलफल गरिने मूख्य विषयबारे जानकारी दिने ।

- बैठकको मिति, समय र स्थान वारे जानकारी दिने (निश्चित दिन किटान गर्न सकिने)
- जिम्मेवार पदाधिकारीहरुले अआफनो विषय सगं सम्वन्धित विषय तयारी गर्ने ।

**बैठक सञ्चालन**

- उपस्थित गराई गणपुरक संख्या किटान गर्ने ।
- छलफल गर्ने विषय स्पष्ट पार्ने ।
- सहभागीहरुबीच एकले अर्कोलाई देख्ने किसिमले बस्ने सिटको व्यवस्था मिलाउने ।
- अध्यक्षले बैठक अध्यक्षता गर्ने र एक एक गरी छलफल गर्दै निर्णयमा पुग्ने र उतार गर्दै जाने ।
- आर्थिक कारोवार, सदस्यता, शुल्क जस्ता नियमित काम गर्ने र बैठकको उद्देश्य पुरा भयो भएन एकिन गर्ने ।
- निर्णयको अन्त्यमा सबैको दस्तखत गराउने र समापन गर्ने ।

**बैठक पश्चात**

- सम्बन्धित निकायमा निर्णय प्रतिलिपि पठाउने ।
- अनुपस्थितहरुलाई बैठकको निर्णयबारे जानकारी गराउने ।
- निर्णयको कार्यान्वयन गर्ने गराउने तथा कार्यान्ययनको अनुसरण गर्ने ।

## समूह बैठक सञ्चालनमा देखिने केहि व्यवहारिक कठिनाईहरु

- बैठक किन वस्दैछ भन्ने बारे सदस्यहरुलाई थाह नहुनु ।
- बैठकको तयारी राम्रो नहुनु ।
- बैठकमा सिलसिलावार छलफल नहुने
- बैठकमा उपस्थित गराउने तर निर्णय उतार पछि पुछारमा सबैको दस्तखत नगराउने । जसले गर्दा समूहमा भएको निर्णय भन्दा पृथक निर्णय लेखन हुने ।
- बैठकमा सबैको भावना नसमेटनु । टाठावाठा मानिस बढि हावि हुनु ।
- निर्णय कार्यान्वयनमा कमजोरी ।
- अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन नहुनु ।

धेरैजसो समूह संस्थाहरुको बैठक बसेपछि निर्णयमै बढि त्रुटि हुन्छ । निर्णय गर्दा कसैको निजी विचार नलादिने गरी, समूहमा गुटबन्दी सिर्जना हुन नदिने खालको, सकेसम्म सवैको भावना बुझि सर्वसम्मत, नभए प्रजातान्त्रिक परिपाटी अनुसार बहुमतको निर्णय गरी निर्णय पुस्तिकाको अन्त्यमा केही खुलाउनु पर्ने भए खुलाएपछि उपस्थित सबै सहभागीहरुको अनिवार्य दस्तखत गराउनुपर्दछ । समूह बैठकमा सहजीकरणका लागि सम्बन्धित सहजकर्ता तथा प्राविधिकहरुलाई पनि अनुरोध गर्न सकिन्छ ।

# कृषक समूहको विधान

विधान भन्नाले कुनै संघ/सस्थाको उद्देश्य प्राप्तिका लागि क्रियाकलाप सञ्चालन गर्न बनाईएको नीति नियम तथा कानुनको दस्तावेज हो जसले समूह र सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने कार्यगर्दछ। विधिवत कानुनी हिसाबले दर्ता भएका समूहहरुको लिखित विधान हुन्छ भने अन्य कृषक समूहको आफनो समूहभित्र स्विकृत भएको तर विधिवत दर्ता नभएको विधान पनि हुन सक्तछ।

## विधानको आवश्यकता


- समूह दर्ता गराई कानूनी मान्यता दिलाउन।
- सदस्य कृषकलाई संस्थाभित्र संगठित गराउन।
- अन्य संघ-संस्थासंग कारोबार गर्न, सहयोग लिन दिन आधार प्रदान गराउन।
- समूह उद्देश्य प्राप्त गर्न कृषि कार्यक्रमलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न।
- समूहका पदाधिकारीहरु तथा सदस्यहरुलाई आफ्नो काम, कर्तब्य र अधिकारको बोध गराई आ-आफ्नो दायित्व अनुसार कार्य गराउन।
- समूहमा कार्यसमिति, सदस्यहरु र साधारणसभावीच सन्तुलन कायम गर्न।

## कृषक समूह विधानमा हुनुपर्ने प्रमुख गुणहरु

- नेपालको संविधान र कानूनसंग नबाझिने।
- नेपालको कृषि नीतिसँग मेल खाने।
- सफा, स्पष्ट, एक आपसमा नबाझिने, सरल भाषा प्रयोग भएको।
- प्रजातान्त्रिक ढंगले चुनावी प्रकृयाद्वारा पदाधिकारीहरुको निर्वाचन हुने प्रावधान राखिएको।
- विधान संसोधनको प्रावधान भएको।
- महिला सहभागितालाई प्रोत्साहन गरिएको।
- कार्यकारीणी समिति, साधारणसभा तथा साधारण सदस्यहरुबीच शक्ति सन्तुलन भएको।

कृषक समूहमा कार्यकारी समिति, साधारण सभा र उपभोक्ता सदस्यहरुको सम्बन्ध निम्न चित्रबाट प्रष्ट पार्न सकिन्छ। जसरी सर्प, बिच्छि र भ्यागुको स्वभाव एक अर्कोमा नियन्त्रण भई सन्तुलन हुन्छ, समूहमा पनि एकले अर्को माथि सन्तुलन कायम गर्न विधानमा व्यवस्थापन गर्न सकिन्छ। सदस्यहरुले साधारण सभा आह्वान गर्न सक्ने, साधारण सभाले कार्यकारी समितिको निर्वाचन र नियन्त्रण गर्न सक्ने र कार्यकारी समितिले सदस्यहरुको परिचालन गर्ने एवं निजहरुलाई

अधिकार प्रत्यायोजन गर्ने र नियन्त्रण समेत गर्न सक्दछन् । यसैले विधानले सबैलाई एक आपसमा सन्तुलन र नियन्त्रण गरि राख्ने काम गर्दछ ।




चित्र ४ : विधानमा शक्ति सन्तुलन

## विधान बनाउने तरिका

- उपसमितिले मस्यौदा तयार गर्ने ।
- नमूना विधानको प्रयोग गरेर प्रत्येक दफा-उपदफामा छलफल गरी आफ्नो संस्थाको उद्देश्य अनुसार मस्यौदा विधान तयार गर्ने ।
- मस्यौदा विधानलाई साधारणसभामा छलफल गरी पारित गर्ने ।
- पारित विधानलाई सम्बन्धित संस्थामा दर्ता गराउन पहल गर्ने ।

## विधानमा समावेश गर्नुपर्ने बुँदा तथा पक्षहरु

विधानमा समावेश गर्ने बुदाँहरु निश्चित ढाँचाका हुन्छन् । यसका लागि कुनै स्विकृत समूह वा सहकारी संस्थाको विधान अनुसार आफनो समूहको पनि विधान बनाउन सकिन्छ । विधानमा समावेश हुने बुदाँहरुमा सक्षिप्त नाम र प्रारम्भ, परिभाषा, उद्देश्य, सदस्यताको प्रकार, सदस्यता शुल्क, राजीनामा, कार्यसमितिको गठन, कार्यसमितिको काम कर्तव्य अधिकार, साधारण सदस्यको काम कर्तव्य अधिकार, निर्वाचन सम्बन्धी व्यवस्था, अविश्वास प्रस्ताव आदि पर्दछन् ।

## विधान संशोधन

नियमकानुन एक पटक बनाउदैमा सदाका लागि उपयुक्त हुँदैनन्। समय वित्दै जादाँ आवश्यकता अनुसार यसलाई परिमार्जन गर्दै लैजानुपर्ने हुन्छ। विधान संशोधनका लागि अपनाउनु पर्ने केही चरण तल प्रस्तुत गरिएको छ।

- विधान संशोधन उपसमिति गठन गर्ने।
- संशोधित विधानलाई कार्य समितिमा प्रस्तुत गरी पारित गर्ने।
- साधारण सभाको कम्तिमा निश्चित (विधानमा तोकिएको प्रावधान दुईतिहाई वा तिनचौथाई) बहुमतद्वारा पारित गर्ने।
- संशोधित विधानलाई पहिले दर्ता गरिएको कार्यालयमा पेश गर्ने।
- संबन्धित कार्यालयले संशोधित विधानलाई स्वीकृत गरेपछि मात्र विधान संशोधन भएको मानिनेछ।

# समूह बचत, हितकोष तथा हितकोष परिचालन

भविष्यमा कुनै खाँचो टार्न आजैबाट अनावश्यक एवं फजुल खर्च कटाई नगद जम्मा गर्नु नै बचत हो । भविष्य कसैले जान्न सक्तैन । त्यसैले भोली अप्ठेरो पर्ला कि भनी आजै बचत गर्नु पर्दछ । बचत गर्ने काम बानी हो । यसलाई आदतको रुपमा समूह र समूहका सदस्यहरुले विकास गर्नुपर्दछ ।

समूह/सस्थां सञ्चालन गर्न नगद, जिन्सि अथवा भौतिक समानहरुको आवश्यकता पर्दछ, जसलाई हामीहरु समूहको सम्पत्ति भन्दछौं । नगद मौज्दात, ऋण लगानी, लगानीको रुपमा रहेको समूहको नगद पुजीलाई हामी हितकोष भन्दछौं। श्रोत जम्मा गर्ने काम नै श्रोत (हितकोष) संकलन हो र यसलाई सदस्य कृषक वा सम्पुर्ण समूहकै फाइदा तथा भलो हुने गरी चलाउनु नै हितकोष परिचालन हो ।

## हितकोषको आवश्यकता

- समूह/सहकारी संस्थाहरुलाई आत्मनिर्भर बनाउन ।
- सदस्यहरुलाई समूहप्रति आकर्षण बढाउन ।
- समूहको भैपरि आकस्मिक खाचों पूर्ति गर्न ।
- समूहको वार्षिक कार्यक्रम सूचारु रुपले सञ्चालन गर्न ।
- बाह्य लगानी कर्ताको लागि लगानी गर्न ।

## बचत गर्ने तरिका

बचत गर्नु भनेको भविष्यको कुनै प्रयोजनका लागि आजै बाट आम्दानीको निश्चित हिस्सा वा आफुसंग भएको पैसाको केही भाग छुट्टयाएर राख्नु हो । बचत गर्न आम्दानी नै चाहिन्छ भन्ने होइन, यसका लागि आफु, आफनो परिवारले फजुल खर्चमा हुने रकम बचाउने, आफ्नो मासिक खर्चमा केही घटाउने र आयको केही भाग पहिले नै भविष्यलाई चाहिन्छ भनी छुटाएर राख्ने बानी गर्नुपर्दछ । धेरै आम्दानी हुनेले मात्र बचत गर्ने भन्ने होइन, बचत गर्ने एउटा बानी नै हो । यसलाई अनिवार्य अनुशरण गर्नुपर्दछ । समूहमा बचत गर्नका लागि नियमित बचत (दैनिक, मासिक रुपमा), बैंकिंग बचत, अनावश्यक खर्च कटाई बचत गर्ने विशेष बचत जस्तै खुत्रुके बचत आदि जस्ता बचतका कार्यक्रम समूह मार्फत सञ्चालन गर्न सकिन्छ ।

### हितकोष संकलनका श्रोतहरु/उपायहरु

- समूहको प्रवेश /मासिक शुल्क संकलन ।
- देउसी/भैलो जस्ता सांस्कृतिक कार्यक्रम सञ्चालन तथा चिट्टा आदिबाट प्राप्त रकम ।
- सामूहिक खेतीबाट प्राप्त मुनाफाको हिस्सा ।
- ऋण लगानीबाट प्राप्त ब्याज ।
- सरकारी तथा गैर सरकारी तथा दातृ सस्थांबाट अनुदान, नगद वा जिन्सीको रुपमा प्राप्त सहयोग ।
- तालिम भ्रमण गोष्ठि, प्रदर्शन बाट प्राप्त हुने सेवा/सुविधाको हिस्सा ।
- समूह तथा संस्थाका पदाधिकारीहरुको फार्म अवलोकन गराउँदा प्राप्त हुने शुल्कको हिस्सा ।
- बीउ, बीजन, रासायनिक मलखाद बिक्रिबाट प्राप्त मुनाफा ।
- विलम्व जरिवाना/हर्जाना शुल्क आदि ।

### हितकोष परिचालन किन आवश्यक छ ?

- समूहको दैनिक वार्षिक कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्न ।
- अत्यावश्यक कार्य सञ्चालन गर्न ।
- उत्पादनमा लगानी गरी प्रतिफल वापत सेवा शुल्क आर्जन गर्न ।
- सदस्यहरुलाई चाहेको बेला उत्पादनमूलक कार्यमा सस्तोव्याज र सुलभ रुपमा लगानी गर्न ।

### हितकोष परिचालन कसरी गर्ने ?

- समूहका सदस्यहरुलाई आवश्यक ऋण/कृषि ऋण प्रदान गरेर ।
- उत्पादनमूलक कार्यक्रम सञ्चालन गरेर ।
- पेवा कार्यक्रम, पैंचो कार्यक्रम जस्ता कार्यक्रम समूहगत रुपमा सञ्चालन गरेर ।
- कृषि उत्पादनमुलक कार्यमा लगानी प्रोत्साहन गरेर ।
- कृषि उपज बेचविखनका लागि कृषि बजार कार्यक्रम सञ्चालन गरेर ।
- सामाजिक कार्यमा सहुलियतपूर्ण ऋण प्रदान गरेर ।
- समूह सदस्यहरुको दक्षता अभिवृद्धि कार्यमा लगानी गरेर ।

बचत गर्दैमा र समूहको हितकोष बढाउदैमा उपयोगी हुँदैन । यसका लागि समूहको कोष सामूहिक वा व्यक्तिगत रुपमा आयआर्जन कार्यमा लगाउनुपर्दछ । आयआर्जनका उपायहरुमा कृषिक्षेत्रकै उपक्षेत्रहरु रोज्नुपर्दछ ।

***हितकोष जम्मा गरेर मात्र हुँदैन, यसलाई राम्ररी परिचालन गरौं ।***
***हितकोषलाई कृषि उत्पादन कार्यमा नै लगानी गरौं ।***

# समूहमा लेखा व्यवस्थापन

कुनै पनि समूह/सस्थाको यथार्थ बर्तमान स्थिति झल्काउने माध्यम भनेको उक्त संस्थाको आर्थिक कारोबार र उक्त कारोबारको लेखा हो। यदि लेखा प्रणाली पारदर्शि र व्यबवस्थित छैन भने समूह संस्थाको कारोबार राम्रो भएपनि उक्त समूह संस्थाको यथार्थ स्थिति बुझ्न कठिन हुन्छ। त्यसैले जुनसुकै सस्थामा पनि लेखा प्रणाली ब्ययवस्थित, पारदर्शि एवं सरल किसिमको हुनु जरुरी हुन्छ।

समूहको हिसाब किताब,आयव्यय अत्यन्त सरल तरिकाले सबैले प्रष्ट बुझने गरी राख्नु पर्दछ। समूहमा शुरुशुरुमा थोरै थोरै रकम जम्मा हुँदा सदस्यहरुको चासो धेरै हुँदैन तर पैसा बढदै जाँदा सबैको चासो बढ्छ र यसमा अनावश्यक विवाद आई समूह पनि विवादमा पर्ने र यसकै कारण विघटन हुने गरेको पाइएको छ। समूहको कारोवार बढदै जाँदा स्विकृत लेखा प्रणाली राख्नुपर्ने र वार्षिक लेखापरिक्षण पनि गर्नुपर्ने हुन्छ। तर समूहले वैधानिकता प्राप्त गरिनसकेको अवस्था र आफनै समुदायमा भने समूह भित्र सरल तरिकाले लेखा कसरी राख्ने भन्ने यहाँ उदाहरण सहित प्रष्ट पार्न खोजिएको छ। यहा प्रस्तुत नमूना समूहको एउटा रजिष्टरमा महलहरु कोरेर पनि हिसाबकिताब छर्लङ्ग हुने तरिकाले राख्न सकिन्छ।

## सरल लेखा राख्ने तरिका

समूहले वैधानिकता प्राप्त गरी नसकेको अवस्थामो तीनवटा मात्र खाता राखेर सरल तरिकाले लेखा राख्न सकिन्छ।

क) नगद खाता ख) आम्दानी खाता ग) खर्च खाता

नगद खाताले सिलसिलेवार आम्दानी खर्च, आम्दानी खाताले मासिक आम्दानी र खर्च खाताले मासिक खर्च स्पष्ट देखाउछ। सानो सानो कारोवार हुदा नगद खाताबाट मात्र पनि हिसाब किताब सजिलो गरी राख्न सकिन्छ।

नमूनाको लागि कुनै कृषक समूहको दुई महिनाको कारोबार दिइएको छ।

**२०६४ वैशाख महिना**

| | | |
|---|---|---|
| २०६४/१/५ मा मासिक शुल्कबाट जम्मा भएको रु | : | ३,०००।०० |
| २०६४/१/१२ मा स्प्रयेर खरिद गर्दा लागेको खर्च रु | : | २,४५०।०० |
| २०६४/१/२५ मा घर भाडा बाट प्राप्त रु. | : | १,२५०।०० |
| २०६४/१/२५ मा नगरपालिका बाट प्राप्त नगद अनुदान रु. | : | ७,५००।०० |

वैशाख महिनाको नगद, आम्दानी र खर्चको लेखा यस प्रकार राख्न सकिन्छ :

**तालिका ३ : नगद खाता** (**२०६४ वैशाख महिना**)

| मिति | विवरण | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|
| २०६४/१/५ | मासिक शुल्क | ३०००।०० | – | ३०००।०० |
| २०६४/१/१२ | स्प्रेयर खरीद | – | २४५०।०० | ५५०।०० |
| २०६४/१/२५ | घर भाडा | १२५०।०० | – | १८००।०० |
| २०६४/१/२५ | न.पा.बाट अनुदान | ७५००।०० | – | ९३००।०० |
| | जम्मा | ११७५०।०० | २४५०।०० | |

**तालिका ४: आम्दानी खाता** (**२०६४ वैशाख महिना**)

| मिति | विवरण | आम्दानी रकम | कैफियत |
|---|---|---|---|
| २०६४/१/५ | मसिक शुल्क | ३०००।०० | |
| २०६४/१/२५ | घर भाडा | १२५०।०० | |
| २०६४/१/२५ | न.पा.बाट अनुदान | ७५००।०० | |
| | जम्मा | ११७५०।०० | |

**तालिका ५: खर्च खाता** (**२०६४ बैशाख महिना**)

| मिति | विवरण | खर्च रकम रकम | कैफियत |
|---|---|---|---|
| २०६४/१/१२ | स्प्रेयर खरीद | २४५०।०० | |
| | जम्मा | २४५०।०० | |

**यसै गरी २०६४ जेष्ठ महिनामा भएको आयव्यय विवरण:**

मिति २०६४/२/५ मा मासिक शुल्कबाट जम्मा भएको रु. : ३०००।००

मिति २०६४/२/१५ मा साधारण सभामा भएको खर्च रु. : १०००।००

मिति २०६४/२/२५ मा घर भाडाबाट प्राप्त रकम रु. : १२५०।००

**अब जेष्ठ महिनाको लागि लेखा राख्नुपर्दा :**

**तालिका ६ : नगद खाता (२०६४ जेष्ठ महिना)**

| मिति | विवरण | जम्मा/आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|---|
| २०६४/२/१ | वैशाख महिनाको बाकी | ९३००।०० | – | ९३००।०० |
| २०६४/२/५ | मासिक शुल्क | ३०००।०० | – | १२३००।०० |
| २०६४/२/१५ | साधारण सभा खर्च | – | १०००।०० | ११३००।०० |
| २०६४/२/२५ | घर भाडाबाट प्राप्त | १२५०।०० | – | १२५५०।०० |
| जम्मा | | १३५५०।०० | १०००।०० | १२५५०।०० |

**तालिका ७ : आम्दानी खाता (२०६४ जेष्ठ महिना)**

| मिति | विवरण | आम्दानी रकम | कैफियत |
|---|---|---|---|
| २०६४/२/१ | वैशाख महिनाको आम्दानी | ११७५०।०० | |
| २०६४/२/५ | मसिक शुल्क | ३०००।०० | |
| २०६४/२/२५ | घर भाडा | १२५०।०० | |
| | जम्मा | १६०००।०० | |

**तालिका ८ : खर्च खाता (२०६४ जेष्ठ महिना)**

| मिति | विवरण | खर्च रकम रकम | कैफियत |
|---|---|---|---|
| २०६४/२/१ | वैशाख महिनाको जम्मा खर्च | २४५०।०० | |
| २०६४/२/१५ | साधारण सभा खर्च | १०००।०० | |
| | जम्मा | ३४५०।०० | |

यस प्रकार समूहमा सरल तरिकाले सबै जनाले सजिलोसँग बुझ्ने गरि आर्थिक कारोवारको लेखा राख्न सकिन्छ ।

# समूहमा विवाद र यसको व्यवस्थापन

विविध कारणवस व्यक्ति-व्यक्ति बीच, समाज, समूहमा देखापर्ने मनमुटाव, बैचारिक मतभिन्नता, असहयोग, आक्रोश तथा स्वार्थजन्य गतिविधि नै विवाद हो। विवाद एक स्वभाविक मानविय प्रकृया हो तर यसको पहिचानको कारण र समाधानको उपाय समयमै खोजी व्यवस्थापन गर्नु पर्दछ।

## समूहमा विवाद आउनुका प्रमुख कारणहरु

- व्यक्ति, व्यक्ति बीचको भिन्नता : बुझाई तथा काम गर्ने शैलीमा भिन्नता।
- श्रोतको अभावमा पनि विवाद उत्पन्न हुन्छ, जस्तो : पानी, मल, बीउ विजन आदि।
- आर्थिक कारण : समूहको ऋण धन, लगानी, व्याज, फरफारक र लेखाजोखाका कमि कमजोरी।
- व्यक्तित्वको प्रतिस्पर्धा : व्यक्तिगत प्रतिस्पर्धा, चुनाव आदि।
- महत्वपर्ण कुरामा निर्णय, दण्ड, सजाय र लाभांशका सम्बन्धमा।
- नीति, नियम र विधान अस्पष्ट र फितलो भएका कारण।
- कार्यपालनामा देखिने सिथिलताका कारण।


## समूहमा विवादको भूमिका

झट्ट सुन्दा विवाद हानिकारक र नकरात्मक जस्तो लागे पनि प्रगतिका लागि स्वीकार गर्नुपर्नेहुन्छ। विवादलाई स्वभाविक लिई विश्लेषण गर्नु पर्दछ र यसलाई पन्छाउनु हुँदैन, बरु समाधान गर्नुपर्दछ। समयमै विवाद समाधान भएमा यसले समूहलाई बलियो बनाई प्रगतितर्फ डोऱ्याउछ। विवादका सकरात्मक र नकारात्मक पाटाहरुलाई तल हेरौं।

| सकरात्मक | नकारात्मक |
|---|---|
| • स्थायित्व ल्याउन सक्ने । | • व्यक्ति व्यक्ति बीच तनाव पैदा गराउँछ। |
| • वाह्य विवादले समूहमा एकता ल्याउछ। | • सम्बन्ध विग्रन्छ। |
| • उचित विवादले व्यक्ति विशेषको उन्नति गराउँछ। | • काम प्रति उत्प्रेरणा /जाँगर घटछ। |
| • परिवर्तन र गतिशिलता ल्याउँछ। | • हतोत्साहीपना ल्याउन सक्छ।<br>• समूह कमजोर हुने र फुटन सक्छ। |

## विवाद समाधान गर्ने प्रकृया

विवाद निर्विकल्प हो भन्ने थाह भैसकेपछि यसको समाधानको उपाय पनि खोज्नूपर्छ। विवाद व्यवस्थापन कार्य जटिल भएपनि यसको प्रकृति विश्लेषण र समाधान गर्न तलको चक्रले सहयोग पुऱ्याउन सक्छ।




**चित्र ५ : विवाद समाधान चक्र**

## विवाद समाधानका उपायहरु

- खुल्ला कुराकानी गरौं। प्रष्ट कुरा राखौं, प्रत्यक्ष कुराकानी गरौं, अर्काको कुरा पनि सुनौं।
- विवेक र तर्कले सबैलाई समेटौं।
- स्वच्छ प्रतिस्पर्धाको भावना सिर्जना गरौं।
- सहकार्य गरौं। एक अर्कालाई परेको मर्का सहयोग गर्दा समाधान हुन्छ।
- समूहमा नितान्त तुच्छ र व्यक्तिवादी कुरालाई वास्ता नगरौं। स्वतः विवाद समाधान हुन्छ।
- आएको सेवा सूविधा, श्रोतलाई मिलिजुली बाँडौं।
- कसले के गर्ने भन्ने भूमिका स्पष्ट पारौं। अध्यक्ष, कोषाध्यक्ष, सचिव, सदस्य सबैको दायित्व वोध गराऔं। विवाद घटन सक्छ।
- सम्झौता सर्वोत्तम उपाय हो, वार्ता गरौं, निश्चित मापदण्ड बनाई अघि बढन सकिन्छ।

## विवाद सुल्झाउने तरिका

विवाद सुल्झाउन विवादित पक्षहरुमा हार-हार, जीत-जीत र हार-जीतको तरिका अपनाउन सकिन्छ। तापनि जीत-जीतको अवस्था सिर्जना हुनेगरी विवाद सुल्झाउनमा जोड दिनु पर्दछ। हार-हार तथा हार-जीतको उपाय अवलम्बन गर्दा पुनः विवाद बल्झन सक्ने भएकोले विवाद समाधान गर्दा सबैलाई फाइदा पुग्ने र चित्त बुझ्ने किसिमले उपाय अवलम्बन गर्नु पर्दछ।

# कृषक समूहमा योजना तर्जुमा

## योजना तर्जुमा प्रकृया


विगतमा कृषिक्षेत्रको योजना माथिल्लो निकायबाट तय हुने गरिएकोमा यसलाई बढी सहभागीमूलक, प्रभावकारी बनाउन स्थानिय निकायबाटै योजना तर्जुमा गर्ने गरिएको छ । अब स्थानिय निकायबाट हुने योजना निर्माणमा विभिन्न साझेदार तथा सरोकारवालाहरु संगसंगै बसी योजना तर्जुमा गर्ने गरिएको छ ।

## कृषक समूहमा आयोजना विकास

आयोजना भन्नाले कुनै निश्चित भौगोलिक क्षेत्रमा खास समूहलाई लक्षित गरी निश्चित सिमाभित्र केही लगानी गरी केही प्रतिफल प्राप्त हुनेगरी बनाइएको योजनाको एउटा सानो लिखित प्रारुप हो । स्थानियस्तरमा योजना निर्माणको सन्दर्भमा आयोजनाहरु निर्माण गर्नुपर्ने हुन्छ । आयोजना बनाउनका लागि कार्ययोजना बनाउनु पर्दछ । कार्ययोजना बनाउदा के गर्ने, किन गर्ने, कहा गर्ने, कसका लागि गर्ने, कहिले गर्ने, कसरी गर्ने र श्रोतसाधन कसरी व्यवस्थापन गर्ने भन्ने प्रश्नहरुको जवाफ खोतल्नुपर्ने हुन्छ । कृषक समूहले आयोजना बनाउदा देहायका आधारमा आयोजना निर्माण गर्न सक्तछन् ।

१. आयोजनाको नाम
२. पृष्ठभूमि : आयोजना क्षेत्रफलको तथ्यांक, औचित्य
३. आयोजनाको उदेश्य
४. आयोजनाको प्रतिफल
५. आयोजना सञ्चालन गरिने क्षेत्र
६. आयोजनाको अवधि
७. आयोजनाको कृयाकलापहरु
८. लाभान्वित परिवार संख्याः प्रत्यक्ष तथा अप्रत्यक्ष, न्यून आय वर्ग, महिला, दलित, जनजाति आदि
९. आवश्यक कारक तत्वहरु
१०. आर्थिक सारांश
११. आयोजनाको किसिम : समूहको आफनै लगानी, साझेदारीमा संचालित
१२. आयोजना कार्यान्वयन व्यवस्थापन, अनुगमन, आंकलन प्रकृया
१३. आयोजनाको दीगोपनाको लागि गरिने कार्यविवरण
१४. आयोजनाबाट हुने वातावरणीय प्रभाव

सबै कृषक समूहमा माथी भनिए झैं जटिल किसिमले योजना बनाउन नसकिने हुन्छ । तसर्थ अत्यन्त सरल ढंगले कृषक समूहबाट सञ्चालन गरिने वार्षिक कार्य योजना बनाउँदा कृषक समूहले सरल ढाँचा प्रयोग गर्नु उपयुक्त देखिन्छ । यस किसिमको ढाँचा तालिका ९ मा उल्लेख गरिएको छ ।




*चित्र ६ : कृषि योजना तर्जुमा र कृषक समूहको भूमिका*

**तालिका ९ : कृषक समूहबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमको लागि नमूना ढाँचा**

समूह/संस्थाको नाम :

आर्थिक वर्ष :

समिति/उपसमिति :

| क्र.सं. | आयोजनाको नाम | काम (लक्ष्य) | कार्यविवरण (के गर्ने ) | बजेटको श्रोत | | | समय | अवधि | स्थान (कहाँ गर्ने) | प्रमुख जिम्मेवारी | अनुगमन तथा मूल्यांकन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूहको हितकोष | कृषकको व्यक्तिगत | बाह्य श्रोत | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

*श्रोत : बीउ आलु उतपादन समूह/संस्था सञ्चालन निर्देशिका, २०५७*

# कृषक समूहमा अनुगमन र मूल्याङ्कन

**अनुगमन**

कृषक समूहवाट तैयार गरिएको कार्य योजना र कार्यक्रमहरुको कार्यान्वयन अवस्थामा प्रभावकारी रुपमा सञ्चालन भए नभएको तथा यसको सञ्चालनमा के के कमी कमजोरीहरु देखिए यी सम्पूर्ण कुराहरुको हरेक स्तरवाट अनुसन्धान तथा खोजी निति गर्नु र उपयूक्त समयमा नै सो कमी कमजोरीहरुलाई हटाई उद्देश्य/प्रतिफल प्राप्त गर्न सुनिश्चित गराउनु नै अनुगमन (Monitoring) हो । अनुगमन निरन्तर चलिरहने प्रक्रिया हो । कुनै कार्यक्रम सञ्चालन भइरहँदाको दौरानमा कार्यमा कुशलता र सम्पादनमा प्रभावकारीता ल्याउन अनुगमन कार्य गरिन्छ ।

अनुगमन गर्दा मूख्यतः कार्यको परिमाण (निर्धारित मात्रामा भयो भएन), गुणस्तर (निर्धारित गुणस्तरको छ छैन), समय (निर्धारित समयमा भयो भएन) र स्थान (निर्धारित स्थानमा भयो भएन) हेरिन्छ ।

**मूल्याङ्कन**

समूहवाट सञ्चालन भएका कार्यक्रमहरुले के कति उपलब्धि भयो, प्रगती भयो वा भएन र समूह सदस्यहरुको स्तरका के सुधार भयो यी सम्पूर्ण कुराहरुको लेखाजोखा मूल्याङ्कन (Evaluation) हो । कार्यसम्पादनको प्रभावकारिता मापन गर्न मूल्याङ्कन गरिन्छ । आयोजना सञ्चालन गर्नुपूर्व नै सो आयोजनाबाट प्रक्षेपण गरिएका प्रभावहरुको उपलब्धि सूचकहरुको आधारमा मूल्यांकन कार्य गरिन्छ ।

यस प्रकार अनुगमनले कार्यक्रम सञ्चालनमा देखिएका कमी कमजोरी, ढिलाई आदि कुराहरुलाई संकेत गरी सो कार्यक्रमलाई सुधार तर्फ अग्रसर गराउँछ भने मूल्याङ्कनले कार्यक्रमबाट के कति हदसम्म सफलता प्राप्त भयो भन्ने वोध गराउँदछ ।

अनुगमन र मूल्यांकनलाई समूहको एउटा प्रकृयाकै रुपमा विकास गर्नुपर्दछ । अनुगमनका लागि निरन्तर निगरानीको आवश्यकता हुन्छ भने मूल्यांकनका लागि भने आधार तथ्यांक र आयोजना सञ्चालन पछिको तथ्यांकहरुको तुलना गर्न निर्धारित सूचकहरुको आवश्यक पर्दछ । सुचकको विकास गर्दा निम्न गुणहरु भएको वनाउनु पर्दछ ।

- सूचक अवधि तोकिएको
- सूचक विश्वसनीय
- सान्दर्भिक
- समयबद्ध
- सम्वेदनशिलता
- निश्चित
- कम

कृषक समूह तथा सहकारी संस्थाहरुमा अनुगमन तथा मूल्यांकनको कुरा गर्दा परम्परागत अनुगमन तथा मूल्यांकन भन्दा सहभागितात्मक मूल्यांकन प्रणालीलाई प्रोत्साहन गरिनुपर्दछ। सहभागितात्मक मूल्यांकन, यसका आधारभूत पक्ष, परम्परागत मूल्यांकन र सहभागितात्मक अनुगमन मूल्यांकन बीच भिन्नता तथा यसका विधि तथा औजारहरुका बारेमा समूहमा जानकारी हुनु उपयुक्त देखिन्छ।

## सहभागितात्मक अनुगमन तथा मूल्यांकन

सहभागितात्मक अनुगमन तथा मूल्यांकन प्रजातान्त्रिक मूल्य तथा मान्यता एवं विकेन्द्रिकरणमा आधारित अवधारणा हो जसमा आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन स्वयम उपभोक्ता, लक्षित समूह तथा आयोजनाका साझेदारहरुलाई आयोजना छनौटको निर्णय देखि कार्यान्वयनको सबै चरणहरु त्था अनुगमन मूल्यांकनमा समेत संलग्न गराइन्छ। यसका विशेषताहरु निम्न बमोजिम छन् :

- सबै साझेदारहरुको सक्रिय सहभागितालाई महत्व दिने यो बहुलवादी (Pluralism) सोचमा आधारित छ।
- यो लचकदार (flexible) प्रक्रिया हो, जहाँ
  - सुधार र परिवर्तनका लागि प्रशस्त ठाउँ (grounds for improvement) रहन्छ।
  - अनुगमन मूल्यांकनको प्रत्येक तहमा प्रत्येक साझेदारको सहभागिता (actual participation) रहन्छ।
  - विकास प्रक्रियामा वास्तविक साझेदारी (real partnership)महसुस हुन्छ।
- यो खुल्ला सिकाई (Open learning) मा आधारित छ।
- यसमा गुणात्मक सूचकहरु (Qualitative indicators) को प्रयोग भएको हुन्छ।

### सहभागितात्मक अनुगमन मूल्यांकनका प्रमुख सिद्धान्तहरु

- प्राथमिक साझेदारहरु नै यस कार्यका सक्रिय सहभागिहरु हुन्। (Primary stakeholders are the active partners)
- स्थानिय जनताहरुको आफनो परिस्थितिबारे विश्लेषण, चिन्तन मनन तथा कार्यान्वयन गर्ने क्षमता (capacity enhancement of the local people) राख्छन्।
- विभिन्न तहका साझेदारहरुले संयुक्त रुपमा (Joint learning by different stakeholders) सिक्छन्।
- सुधार र विकासका क्रियाकलापहरु प्रति स्थानीय जनताहरुको प्रतिबद्धता (Increase commitment of local people for reform and development) बढाउँछ।

## सहभागितात्मक अनुगमन मूल्यांकनमा जनता/साझेदारको भूमिका

सहभागितात्मक अनुगमन मूल्यांकनमा जनता र साझेदारहरुको भूमिका निम्न प्रश्नहरुको खोजीमा महत्वपूर्ण रहन्छ ।

- कुन क्षेत्रको अनुगमन मूल्यांकन गर्ने ?
- अनुगमन तथा मूल्यांकन कार्य किन गर्ने ?
- कुन कुन सूचकहरुको प्रयोग गर्ने ?
- को कसलाई अनिवार्य सहभागि बनाउने ?
- कस्तो आंकडा संकलन गर्ने, विधि कस्तो अपनाउने ?
- प्राप्त तथ्यांकको प्रयोग आफ्ना लागि कसरी प्रयोग गर्ने ?

## परम्परागत अनुगमन मूल्यांकन तथा सहभागितात्मक अनुगमन बीच भिन्नता

**तालिका १० : परम्परागत तथा सहभागितात्मक अनुगमन मूल्यांकन बीच भिन्नताका क्षेत्रहरु**

| भिन्नताको आधार | परम्परागत अनुगमन मूल्यांकन | सहभागितात्मक अनुगमन मूल्यांकन |
|---|---|---|
| उद्देश्य | परियोजनाको आवश्यकता पूर्ति गर्ने | उपभोक्ता समूह/साझेदारहरुको आवश्यकता पूर्ति गर्ने |
| विधि निर्माणकर्ता | परियोजना/दातृ निकाय | स्वयं साझेदारहरु |
| कार्यपद्धति | माथि देखि तल | तलदेखि माथि |
| प्रकृया | औपचारिक | सहभागितात्मक, सिकाईमा आधारित एवं लचिलो |
| मूल्यांकनकर्ता | परियोजना स्वयं, स्वतन्त्र निकाय | स्वयम साझेदारहरु |
| मूल्यांकन विधि | प्राविधिक एवं निर्दिष्ट तरिकाबाट | कम प्राविधिक तथा वर्णनात्मक तरिकाबाट |
| जानकारीहरुको प्रयोगकर्ता | परियोजना/दातृ निकायका कर्मचारी | परियोजनाका सबै साझेदारहरु |
| सशक्तिकरण | दातृ सस्था/परियोजना | लाभान्वित वर्ग एवं साझेदारहरु |
| साझेदारको भूमिका | जानकारी प्रदान गर्नु | अनुगमन मूल्यांकनको आधार निर्णय गर्ने एवं कार्यान्वयन गर्नु |
| सुधार कार्यको निर्णयकर्ता | संस्था/परियोजनाको निर्णायक तह | उपभोक्ता समूह/साझेदारहरु |
| पृष्ठपोषणको प्रयोगकर्ता | प्रमुख, विज्ञ, सल्लाहाकार | उपभोक्ता समूह/साझेदारका मुख्य-मुख्य सदस्यहरु |

**सहभागितात्मक अनुगमन मूल्यांकनका विधिहरु**

- विषयगत समूह छलफल (Thematic group discussion)
- स्थलगत अवलोकन (On site observation)
- सामर्थ्य, कमजोरी, अवसर तथा सिमितता विश्लेषण (SWOT analysis)
- रेकर्ड पुस्तिका तथा अनुगमन फारामहरु (Record books and monitoring forms/formats)
- सहभागितात्मक सिकाई तथा कार्यान्वयन (Participartory learning and action)
- लक्षित समूह छलफल (Focus group discussion)
- सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory rural appraisal)

यसरी कृषक समूहले आफ्नो अनुकूल सहभागितात्मक अनुगमन मूल्यांकनका विधिहरु पहिचान गरी समूहमा अनुशरण गर्नु गराउनु पर्दछ ।

# कृषक समूह सहकारीकरण

कृषक समूह पद्धति प्रभावकारी हुँदाहुँदै पनि हाम्रो मुलुकमा सोचे जस्तो फडका मार्न सकेका छैनन् । तसर्थ कृषक समूह सञ्चालन र परिचालन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ । नेपालको परिप्रेक्ष्यमा कृषक समूहलाई दिगो संस्थाको रुपमा विकास गर्ने केही प्रमुख आधारहरु निम्न बमोजिम हुन सक्दछन् ।

- कृषि प्रसार कार्यक्रम समूह मार्फत सञ्चालन गर्ने ।
- कृषक समूह गठन स्वस्फुर्त रुपमा छलफल गरी समूहको रुपमा आएकालाई मात्र दर्ता गर्ने । कृषि प्राविधिकले सहजकर्ताको भूमिका मात्र निर्वाह गर्ने ।
- कृषक समूह गठन र दर्ता भएपछि कार्यकारीणी समिति र सदस्यहरुलाई समूहको सञ्चालन एवं व्यवस्थापन विषयमा तालिम प्रदान गर्ने ।
- कृषक समूहलाई सहकारीकरण तर्फ उन्मुख गराउने ।

## कृषक समूहलाई सहकारीकरणमा परिणत गर्दा अपनाउनु पर्ने आधारहरु

सामान्यतः सहकारी ऐन, २०४८ अनुसार तोकिएको ढाँचा पुरा भएको अवस्थामा कृषक सहकारी संस्था दर्ता गर्न योग्य हुन्छन् । तथापि सहकारीको मर्म र भावना अनुरुप कार्य गर्न र गराउनका लागि सो क्षेत्रमा केही कार्य अनुभव भएको संस्थालाई सहकारीमा परिणत गर्दा बढी सक्रिय, प्रभावकारी, दिगो र कृषकहरुको उन्नतीमा योगदान गर्न सक्दछन । यसले कृषक सहकारी संस्था गठन गर्दा देहायका आधार पूरा भएका संस्था बढी दिगो हुन सक्दछन् ।

- कृषक समूहको रुपमा ३ वर्षको अनुभव भएको ।
- पर्याप्त बचत संकलन एवं सञ्चालन भएको ।
- व्यवसायिक क्रियाकलापहरु सञ्चालन गर्न सक्षम भएको ।

## कृषक सहकारी संस्था र कृषक समूहबीचको भिन्नता

| कृषक सहकारी संस्था | कृषक समूह |
|---|---|
| १) स्वेच्छिक रुपमा एकजुट भई सदस्यहरुकै समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताहरु एवं आकांक्षाहरुको परिपूर्ति गर्नका लागि संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा सञ्चालित एवं नियन्त्रित हुने गरी स्थापित एक स्वतन्त्र र स्वायत्त व्यावसायिक संगठन वा उद्यम संस्था वा व्यवस्थापन पद्दती हो । | १) मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका कम्तिमा तोकिएको संख्याका कृषक मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामूहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाईएको संगठनलाई कृषक समूह भनिन्छ । |

| कृषक सहकारी संस्था | कृषक समूह |
|---|---|
| २) सहकारी ऐन २०४८ अनुसार दर्ता हुने । | २) ऐन अन्तर्गत दर्ता नभई कृषि तथा सहकारी मन्त्रालयको कृषक समूह सञ्चालन निर्देशिका २०५० अनुसार दर्ता हुने । स्पष्ट वैधानिक निकासको अभाव हुने । |
| ३) व्यावसायिकतामा बढी जोड दिने । | ३) समान आकांक्षा भएका कृषकहरुको समस्या समाधानमा जोड दिने । |
| ४) सहकारीको निश्चित स्थापित सिद्धान्त हुने । | ४) आपसी सहमतीमा समूहको कार्यविधि निर्माण हुने । |
| ५) ऐन र सो को आधारमा विधान अनिवार्य हुने । | ५) कानूनी प्रावधान अन्तर्गत दर्ता भए बाहेकमा आाधिकारिक एवं पूर्णता नहुने । |

**कृषक समूहलाई सहकारीमा परिणत गर्ने कार्यविधि**

कृषक सहकारी संस्था दर्ता निश्चित प्रकृया पुरा गर्नुपर्ने हुन्छ । कृषकसमूहलाई सहकारी संस्थामा परिणत गर्दा अवलम्वन गर्नु पर्ने उपायहरु तल प्रस्तुत गरिएको छ ।

१. इच्छा र आवश्यकता मिल्ने प्रस्तावित समूहको कार्यक्षेत्र भित्र बसोबास गर्ने नागरिकताधारी अलग अलग २५ परिवारका २५ वा सो भन्दा बढी व्यक्तिहरु स्वयम उपस्थित भई उपस्थित मध्येबाट नेतृत्व गर्न सक्ने व्यक्तिको अध्यक्षतामा प्रारम्भिक भेला गरी निम्न प्रस्ताव राखी निर्णय गर्नुपर्दछ ।
   (क) संस्था खोल्ने विषयमा,
   (ख) संस्थाको नाम, ठेगाना सम्बन्धमा
   (ग) कार्यक्षेत्र निर्धारण गर्ने विषयमा,
   (घ) संस्थाको उद्देश्य र कार्यहरु सम्बन्धमा,
   (ङ) प्रति शेयर रकम र प्रवेश शुल्क निर्धारण सम्बन्धमा,
   (च) संस्थाको तदर्थ सञ्चालक समितिको गठन (निर्वाचन) सम्बन्धमा
   (छ) प्रस्तावित संस्थाको विनियम बनाउने सम्बन्धमा,
   (ज) शेयर र प्रवेश शुल्क बापत रकम उठाउने र जिम्मा दिने सम्बन्धमा,
   (झ) कार्ययोजना बनाउने विषयमा,
   (ञ) अन्य विविध विषयमा ।

२. यस्तो संस्था स्वायत्त, उत्तराधिकारवाला र स्वशासित र संगठित संस्था हुने हुँदा यसको सञ्चालनको मार्गदर्शन यसैले निर्माण गरेको विनियम हुने र सो डिभिजन सहकारी कार्यालयबाट स्वीकृत भएपछि कानून सरह लागु हुने हुन्छ । तसर्थ विनियमको निर्माणमा विशेष ध्यान दिइनु पर्छ । सहकारी विभागबाट तोकिएको ढांचा अनुरुपको विनियम बनाउनु पर्दछ ।

३. कार्य योजना बनाउने : सहकारी संस्था दर्ता गरी सकेपछि विनियममा उल्लेख गरिएका उद्देश्य हासिल गर्न के कस्ता कार्यक्रम सञ्चालन गर्ने हो ? उक्त कार्यको कसरी पूँजी सङ्कलन गर्ने, कारोवार कुन आधारमा गर्ने, सो उद्देश्य अनुसार कार्य गर्दा कति रकम खर्च लाग्दछ संस्थालाई खर्च कटाई वार्षिक कति खुद बचत (नाफा) हुन्छ भन्ने व्यहोरा विस्तृत रुपमा स्पष्ट देखिने गरी प्रस्तावित कार्ययोजना बनाउनु पर्दछ ।

४. दोस्रो प्रारम्भिक भेला गर्ने : प्रथम प्रारम्भिक भेलाबाट आएका परिणामलाई संस्थागत गर्न देहाय बमोजिम दोस्रो प्रारम्भिक भेला सम्पन्न गर्नु पर्दछ । यसमा घटिमा २५ जना उपस्थिति भई २५ जनाकै मतबाट निम्न विषयमा गहन छलफल गरी निर्णय गर्नुपर्दछ ।

क) मस्यौदा विनियम उपर छलफल गर्ने :

- विनियमको प्रस्तावना सम्बन्धमा,
- संस्थाको उद्देश्य र कार्यहरु सम्बन्धमा,
- विभिन्न कोषहरुमा रकम बाँडफाँड सम्बन्धमा,
- सदस्यहरुको जिम्मेवारी/जवाफदेही सम्बन्धमा,
- व्यवस्थापक/कर्मचारीहरुको जिम्मेवारी जवाफदेही सम्बन्धमा,
- संस्थाले सञ्चालन गर्ने विषय प्रकृति अनुसारको व्यवस्थापन सम्बन्धी विषयहरुमा,
- सञ्चालक समितिको काम कर्तव्य अधिकारले साधारण सभाको काम, कर्तव्य, अधिकारलाई कुण्ठित गरेको छ, छैन भन्ने विषयमा,
- विनियममा उल्लिखित व्यवस्थाबाट संस्थाको उद्देश्य पूरा हुन सक्छ/सक्दैन भन्ने विषयमा,
- मस्यौदा समिति वा कुनै सदस्यले तयार पारी सभामा प्रस्तुत गरेको मस्यौदालाई माथि उल्लेख गरिए बमोजिम सभाबाट पास गराई तदर्थ समितिका सम्पूर्ण सदस्यहरुले ३ (तीन) प्रति विनियमको अन्तिम पानामा र तदर्थ समितिका अध्यक्ष र एकजना सञ्चालकले प्रत्येक पृष्ठको पुछारमा दस्तखत गर्नुपर्दछ ।

ख) कार्ययोजनाको विषयमा छलफल गरी पारित गर्ने,

ग) संस्था दर्ता गर्नका लागि आवश्यक परेका कार्य गर्न अधिकार प्रत्यायोजन गर्ने,

घ) संस्था दर्ता पश्चात शेयर र प्रवेश शुल्क बापत उठेको रकम कुन बैङ्कमा खाता खोली जम्मा गर्ने र खाता सञ्चालन सम्बन्धमा ।

५. दर्ताका लागि आवश्यक कागजातहरु तयारी गर्ने : संस्था दर्ताका लागि अधिकार प्राप्त गर्ने व्यक्तिहरुले निम्न कागजातहरु संलग्न राखी संस्था दर्ताको लागि सहकारी नियमावली, २०४९ को नियम ३ अनुसूची १ मा दिइएको संलग्न नमूना बमोजिमको आवेदन तयार गरी सम्बन्धित डिभिजन सहकारी कार्यालयमा रु. ५ को टिकट टाँस गरी आवेदन गर्नुपर्दछ ।

(क) प्रस्तावित संस्थाको सक्कलै विनियम ३ प्रति

(ख) प्रस्तावित संस्थाको कार्ययोजना ३ प्रति सक्कलै,

(ग) सभाले माथि लेखिएका विषयहरुमा गरेको निर्णयहरुको प्रमाणित प्रतिलिपी,

(घ) आवेदन गर्ने कम्तीमा २५ जना सदस्यहरुको विवरण, दस्तखत र सञ्चालकहरुको फोटो भएको संलग्न नमूनाको सदस्य दर्ता किताव र नीजहरुको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपीहरु,

(ङ) प्रस्तावित सहकारी संस्थाको तदर्थ समितिको अध्यक्षले दस्तखत गरेको आवेदन पत्र ।

(च) संस्था दर्ता सम्बन्धी कार्य गर्न गराउन अधिकार प्राप्त व्यक्तिहरुको दस्तखत नमूना सहितको सक्कल अधिकार प्रत्यायोजन पत्र

(छ) भेलाको निर्णय बमोजिम शेयर शुल्क र प्रवेश शुल्क बापत उठेको रकम बैङ्क जम्मा गरेको भौचरको प्रतिलिपी/वा कोषाध्यक्षले बुझिलिएको भए संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने प्रतिबद्धता सहितको सक्कल भरपाई,

(ज) नागरिकताको प्रमाणपत्रबाट सदस्य संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाणित नहुने भए सदस्यहरु संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको प्रमाण-पत्रका प्रतिलिपीहरु। प्रमाणपत्रमा संघ/संस्थाको कार्यक्षेत्र भित्रको स्थायी ठेगाना उल्लेख भएको हुनुपर्ने जस्तै :-

- बसाई सराईको प्रमाण वा,
- विवाह दर्ताको प्रमाण-पत्र वा,
- मतदाता नामावलीमा नाम समावेश भएको प्रमाण वा मतदाता परिचय-पत्र वा,
- सम्बन्धित क्षेत्र भित्र नेपाल सरकार वा संगठित संस्थामा स्थायी नियुक्ति भई काम गरिरहेको भए सो को प्रमाण वा,
- सम्बन्धित आवेदकको वा नीजको एकाघर सगोलका परिवारको सदस्यको नाममा भएको घरजग्गाको लालपूर्जाको प्रमाणित प्रतिलिपी,
- स्थायी व्यवसाय सञ्चालन गरिरहेको भए त्यसको प्रमाणित प्रतिलिपी,

(झ) सदस्यलाई प्रदान गर्ने शेयर प्रमाण-पत्र एक प्रति ।

यसरी रितपूर्वक प्रकृया मिलाई पेश गरिएका सहकारी सस्था दर्ता निवेदन सम्वन्धित सहकारी डिभिजन कार्यालयमा सहकारी अधिकृतले दर्ता गर्दछन् ।

## अनुसूची १
## समूह दर्ताको लागि निवेदनको नमूना

श्री जिल्ला कृषि विकास कार्यालय, ...................।
मार्फत : श्री कृषि सेवा केन्द्र, ................. ।

विषय : कृषक समूह दर्ता गराई पाउँ ।

श्री कृषि सेवा केन्द्र ........... को सहयोगमा हामी आफैं संगठित भई ............. गा.वि.स.को वडा नं. .... मा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

.......................................
कृषक समूह अध्यक्षको दस्तखत
मिति :

**समूहको विवरण**

समूहको नाम : ..........................................................................स्थापना साल : .........
गा.वि.स. : ....................वडा नं. : ...............................गाउः ................................
समूहको उद्देश्य : ...................................................................................................
सदस्य संख्या : पुरुष : ...................महिला : ................. जम्मा : ....................
पदाधिकारीहरुको नाम तथा विवरण :

| क्र.सं. | नम | पद | शैक्षिक योग्यता | उमेर | जग्गा क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | | | | |
| | | उपाध्यक्ष | | | | |
| | | सचिव | | | | |
| | | कोषाध्यक्ष | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |
| | | सदस्य | | | | |

नियमित बैठक बस्ने दिन :
प्रति महिना समूहको हितकोष संकलन रु :
हालसम्मको हितकोष जम्मा रु :

**अनुसूची २**

**कृषक समूह दर्ता प्रमाणपत्रको ढाँचा**

जि.कृ.वि.का. दर्ता नं. :

नेपाल सरकार

कृषि तथा सहकारी मन्त्रालय

कृषि विभाग

क्षेत्रीय कृषि निर्देशनालय

जिल्ला कृषि विकास कार्यालय

........................

# *कृषक समूह दर्ता प्रमाणपत्र*

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस जिल्लाको ......................गा.वि.स./न.पा. वडा नं. .............मा मिति .............................मा गठित श्री ...........................................कृषक समूहलाई यस कार्यालयलको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

मिति : ......................

| | |
|---|---|
| ........................ | .............. |
| ( ..............................) | (..................................) |
| कृषि प्रसार अधिकृत | वरिष्ठ कृषि विकास अधिकृत |

## सन्दर्भ सामग्री


आलु विकास शाखा, खुमलटार २०५७, बीउ आलु उत्पादन समूह/संस्था सञ्चालन निर्देशिका, खुमलटार, ललितपुर ।

कृष्णचन्द्र शर्मा, २०५७, कृषक समूह गठन तथा सञ्चालन पद्धति, कृषि सञ्चार महाशाखा, प्रकाशन क्रम २४ (०५६/५७), क्रम संख्या १० । हरिहरभवन, पुल्चोक ।

कृषि विकास विभाग, २०५० । समूह गठन तथा सञ्चालन कार्यविधि निर्देशिका, २०५० । प्रकाशन क्रमः २ २०५०।५१, कृषि संचार महाशाखा, हरिहरभवन ।

छविलाल पौडेल, विष्णुराज काफ्ले र विजया ब्रजाचार्य, किसान–किसान कृषि प्रसार प्रणाली, अनुभवी अगुवा कृषक सेवा सञ्चालन निर्देशिका, दिगो भू–व्यवस्थापन कार्यक्रम, २०५७ ।

Robins S. P. 1999. Organizational Behavior : Concepts, Controversies, Applications. (8th edition). Prentice Hall of India.New Delhi.

Napier R.W. and M.K. Gershenfeld. 1996. Groups (Theory and Experiences 5th edition. A.I.T.B.S. Publishers and distributors. Houghton Miffin Company. USA.

ABTRACO. 2007. Report on the Impact study on Farmer's Group Approach Adopted in Agricultural Extension System of Nepal. Agri Business and Trade Promotion Multipurpose Cooperative Ltd. (ABRACO). Kathmandu, Nepal.

CATC. 2059. Trainer's Manual Agricultural Extension, Central Agriculture Training Centre, Hariharbhawan.

Baron R.A. and D. Byrne. 1999. Social Psychology (8th edition). Prentice Hall of India Pvt Ltd. New Delhi.

वा.वि.आ. २०६१ । सामाजिक परिचालकका लागि कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो सस्करण) वाली विविधिकरण आयोजना, काठमाण्डौ ।

सहकारी विभाग । काठमाण्डौ, २०६४ । परिपत्र तथा सूचनाको सँगालो २०६४ । (कार्यालय प्रयोजनको लागि मात्र), नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, नयाँवानेश्वर ।

गोविन्दप्रसाद शर्मा, विष्णु पौडेल । २०६४/६५ । कृषक समूह सबलीकरण तथा सहकारीकरण (पाना ३७-५५) । उन्नत कृषि प्रविधि प्याकेजिङ्ग, कृषि प्रसार निर्देशनालय, हरिहरभवन, ललितपुर, नेपाल ।

सहकारी विभाग । २०६४ । सहकारी संघ संस्था दर्ता निर्देशिका, २०६४ । नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, काठमाडौं ।











**प्रस्तुतकर्ता**

गोविन्दप्रसाद शर्मा
कृषि प्रसार अधिकृत

**प्रकाशक**

कृषि प्रसार निर्देशनालय
हरिहरभवन, ललितपुर
फोन : ५५२४९१४, ५५२३६०२
**वेभसाइट : www.agrextension.gov.np**
**इमेल : info@agriextension.gov.np**